का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ जेठ २०७९,
बुधबार
8 June 2022,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्नै
वर्ष २०, अंक १२३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# इम्बोस्डको सास्ती




**इम्बोस्ड नम्बर प्लेटका नाममा सरकारले सर्वसाधारणबाट चर्को शुल्क असुलेको भन्दै चर्को विरोध भइरहेको छ ।**

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २४ जेठ ।

यातायात व्यवस्था विभागले असारभित्रै इम्बोस्ड नम्बर राख्नुपर्ने प्रावधान राखेको भन्दै चर्को विरोध शुरु भएको छ । पछि सदनदेखि सडकमा समेत विरोधका आवाज सुनिन थालेका छन् । असारभित्रै इम्बोस्ड नम्बर राख्न सम्भव नभएको भन्दै प्रावधान हटाउनुपर्ने आवाज उठेको हो ।

नेकपा एमालेका सांसद भीमबहादुर रावलले सवारी साधनमा इम्बोस्ड नम्बर असारभित्रै यातायात विभागले राख्न गरेको निर्देशनको विरोध जनाउँदै यसको ठेक्का प्रक्रिया शङ्काका घेरामा रहेको बताएका छन् ।

'अहिले हाम्रो देशमा जुन यो गाडीमा नम्बर प्लेट राख्ने कुरा छ । के नेपाल सरकारले जति बेला ठेक्का लगायो त्यो ठेक्का लगाउँदा त्यो ठेकेदार विश्वबैंकले कालोसूचीमा राखेको कम्पनी छ । त्यो बेला र अहिलेको त्यो रकम हेरौं झण्डै त्यसमा तीन, चार अर्ब रुपैयाँको त घोटाला हुने जस्तो देखिन्छ' उनले भने ।

उनले बायोमेट्रिक सूचना निजी कम्पनीले लिँदा व्यक्तिगत विवरण गोप्य नरहने समेत बताएका छन् । नेपाली कांग्रेसका सांसद गगनकुमार थापाले सबै जनताले असारभित्रै सबै सवारी साधनमा इम्बोस्ड नम्बर राख्न तत्काल सम्भव नभएकाले यो प्रावधान फिर्ता लिन माग गरेका छन् । संसद बैठकमा भाग – बाँकी पृष्ठ २ मा

## सबै सवारीमा अनिवार्य छैन इम्बोस्ड

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २४ जेठ ।

सरकारले सबै सवारी साधनमा इम्बोस्ड प्लेट अनिवार्य नगरिएको प्रष्टीकरण दिएको छ । इम्बोस्ड प्लेटको विषयालाई लिएर सार्वजनिक आलोचना र सडक प्रदर्शन हुन थालेपछि यातायात व्यवस्था विभागले यस्तो प्रष्टीकरण दिएको हो । साथसाथै विभागले आगामी साउन १ देखि नै सबै सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्न नखोजिएको पनि स्पष्टीकरण दिएको छ ।




विभागले विज्ञप्ति जारी गर्दै भनेको छ, 'साउन १ गते विहान देशभर गुड्ने सबै सवारीमा इम्बोस्ड प्लेट जडान भएको हुनुपर्नेछ भन्ने मनसाय अलिकति पनि होइन ।' विभागका अनुसार २२ कात्तिक २०७८ को राजपत्रमा प्रकाशित सूचनामा तोकिएका सवारी साधनमा मात्रै इम्बोस्ड प्लेट अनिवार्य गर्न लागिएको छ ।

२२ कात्तिकमा प्रकाशित राजपत्रमा १ मंसिर २०७८ देखि नयाँ दर्ता हुने सवारी साधन, १ फागुनदेखि नामसारी हुने सवारी साधन र १ जेठ २०७९ देखि सवारी धनी प्रमाणपत्र नवीकरण हुने सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने उल्लेख छ । विभागले राजपत्रको सूचनामा तोकिएको सवारी साधनमा मात्र अनिवार्य गरेको र अन्य सवारी – बाँकी पृष्ठ २ मा

### प्रधानमन्त्रीलाई लोसपाको दबाब

## अंगीकृत नागरिकतालाई नचलाउनु

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २४ जेठ ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले अंगीकृत नागरिकता प्राप्तीको प्रावधान नचलाउन सरकारलाई दवाब दिएको छ । मंगलबार प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर ज्ञापनपत्र बुझाउँदै लोसपाले बैबाहिक अंगीकृत नागरिकता प्राप्तीको हालको प्रावधानलाई निरन्तरता दिन आग्रह गरेको हो । हाल नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलाले विवाह गरे लगत्तै वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्न सक्छन् । तर, हालको प्रावधान हटाएर ७ वर्षसम्म स्थानीय आवासीय अनुमति पत्र दिने गरी तयार नागरिकता विधेयकको प्रतिवेदन संसदमा अगाडि बढाउने सरकारको



तयारी भैरहेका बेला लोसपाले सरकारको ध्यानाकर्षण गराइको हो ।

साथसाथै लोसपाले जन्मसिद्ध नागरिकका सन्तानलाई नागरिकता प्रदान गरिनुपर्ने तथा आफ्ना नेता-कार्यकर्ताका मुद्दा फिर्ता लगायतका माग पनि राखेको छ ।

लोसपाका अध्यक्ष महन्थ ठाकुर नेतृत्वको टोलीले प्रधानमन्त्री निवास बालुवाटर पुगेर प्रधानमन्त्री देउवासमक्ष ११ बुँदे मागसहितको ज्ञापनपत्र बुझाएको हो ।

अध्यक्ष ठाकुरका साथमा नेताहरु राजेन्द्र महतो, शरतसिंह भण्डारी, लक्ष्मणलाल कर्णलगायतका नेताहरु बालुवाटार पुगेका थिए ।

ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री देउवाले लोसपाको मागप्रति सकारात्मक रहेको भन्दै कार्यान्वयनका लागि पहल गर्ने बताए ।

लोसपाका नेता लक्ष्मणलाल कर्णले भने, 'हामी (लोसपा) ले प्रधानमन्त्रीलाई मागसहितको ज्ञापनपत्र बुझायौं, उहाँ सकारात्मक हुनुहुन्छ, कार्यान्वयन गर्ने बचन दिनुभएको – बाँकी पृष्ठ २ मा

## ४ जनप्रतिनिधि निलम्बनमा

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २४ जेठ ।

एक गाउँपालिका अध्यक्ष र तीनजना वडाध्यक्ष गरी ४ जना नवनिर्वाचित स्थानीय तहका जनप्रतिनिधि निलम्बनमा परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारका मुद्दा विचाराधीन रहेको भन्दै ४ जना जनप्रतिनिधिलाई निलम्बनमा राख्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, निर्वाचन आयोगसहितका निकायलाई पत्र लेखेको हो ।




भ्रष्टाचारको मुद्दा विचाराधीन रहेका बेला उनीहरू जनप्रतिनिधिमा चुनिएकोले स्वतः निलम्बनमा रहने व्यवस्था कार्यान्वयन गर्नुपर्ने भएको अख्तियारको पत्रमा उल्लेख छ ।

निलम्बनमा पर्नेरुमा कैलालीको मोहन्याल गाउँपालिकाको अध्यक्ष देवीदत्त उपाध्याय, मोहन्याल-३ का वडाध्यक्ष नन्दराम गिरी, अछामको पञ्चदेवल विनायक नगरपालिका-७ का वडाध्यक्ष सुरतबहादुर रावल र नुवाकोटको बिदुर नगरपालिका-९ का वडाध्यक्ष हरिराम भण्डारी रहेका छन् ।

कैलालीको मोहन्याल गाउँपालिकाको अध्यक्ष उपाध्यायविरुद्ध विशेष अदालतमा मुद्दा विचाराधीन रहेको अख्तियारले जनाएको छ ।

अघिल्लो कार्यकालमा वडा नम्बर २ को वडाध्यक्ष रहेका बेला सार्वजनिक सम्पत्तिमा हानी नोक्सानी पुऱ्याएको भन्दै उनीविरुद्ध अख्तियारले मुद्दा हालेको थियो ।

"मुद्दाको किनारा नभएसम्म स्वतः निलम्बनमा रहने व्यवस्था अनुसार – बाँकी पृष्ठ २ मा

## तालिमका माध्यमबाट वैदेशिक रोजगार सुधारमा सांसदहरूको जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ जेठ

प्रतिनिधिसभाका सांसदहरुले युवालाई सीपमूलक तालिम दिएमा स्वदेशमा नै रोजगारी र वैदेशिक रोजगारमा राम्रो आम्दानी गर्न सक्ने बताएका छन् । मंगलवार प्रतिनिधिसभाको बैठकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा, वन तथा वातावरण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयान र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको विभिन्न शीर्षकमाथिको छलफलमा भाग लिँदै सांसदहरुले उक्त धारणा राखेका हुन् । उपयुक्त तालिम उपलब्ध नभएको, भएको तालिम पनि प्रभावकारी नभएको उनीहरुले गुनासो गरे ।

छलफलमा बोल्दै राष्ट्रिय जनमोर्चाकी सांसद दुर्गा पौडेलले वैदेशिक रोजगारमा जानुअघि हाल दिइने तालिम नाम मात्रका रहेको भन्दै तालिमको गुणस्तर वृद्धिको माग राखिन् । श्रम मन्त्रालय आन्तरिक रोजगार वृद्धि भन्दा वैदेशिक रोजगारमा जान चाहनेहरुलाई श्रम स्वीकृति मात्र दिने निकायमा परिणत भएको भन्दै सांसद पौडेलले मन्त्रालयले स्वदेशमा श्रम गर्ने कामदारका लागि नीति निर्माण र योजना तर्जुमा गर्नुपर्ने धारणा राखिन् । वैदेशिक रोजगारीबाट सीप सिकेर स्वदेश फर्केका युवायुवतीलाई मुलुकभित्रै रोजगारीमा जोड्ने कार्यक्रम आवश्यक भएको बताइन् ।

लोकतान्त्रिक समाजवादी पार्टीका – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### अन्तर्राष्ट्रिय श्रम सम्मेलनलाई श्रम मन्त्रीको सम्बोधन

**काठमाडौं / मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले १ सय १० औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनलाई सम्बोधन गरेका छन् । स्वीट्जरल्याण्डको जेनेभामा जारी सम्मेलनमा मन्त्री श्रेष्ठले मंगलबार भर्चुअल सम्बोधन गरेका हुन् । मन्त्री श्रेष्ठले सबै प्रकारका बालश्रम, बाध्यात्मक श्रम, मानव बेचविखन तथा आधुनिक दासत्व पूर्णरुपमा उन्मुलन गर्ने नेपालको प्रतिवद्धता व्यक्त गरेको मन्त्री श्रेष्ठको निजी सचिवालयले – बाँकी पृष्ठ २ मा

### दूतावासको ढिलाईले व्यवसायी हैरान

**काठमाडौं / मस-** लामो प्रयासपछि पेश गरेको मागपत्र मलेसियास्थित नेपाली दूतावासले प्रमाणीकरणमा ढिलाई गरिदिंदा अनावश्यक हैरानी व्यहोर्नुपरेको वैदेशिक रोजगार व्यवसायीहरूको गुनासो बढेको छ । सरकारले इजाजतपत्र नवीकरण गर्न एक आर्थिक वर्षमा कम्तीमा सय जना कामदार वैदेशिक रोजगारीमा अनिवार्यरूपमा – बाँकी पृष्ठ २ मा

**URGENTLY WANTED**

One of the reputed Manpower Company located in Sinamangal is seeking qualified & experienced staffs for the following positions:

1. Operation Manager - 01 (M/F) Rs.35,000/-
2. Recruitment Manager - 02 (M/F) RS.25,000/-
3. Documentation Officer - 02 (M/F) Rs.20,000/-
4. Receptionist - 02 (F) Rs.15,000/-

अंग्रेजी भाषाको राम्रो दख्खल भई कम्प्युटरमा Word, Excel र Photoshop चलाउन जान्नेले मात्र सम्पर्क गर्नुहोला ।

Bonus Facility Also Available

AARAV GLOBAL RECRUITMENT PVT. LTD.
Ekatatol, Sinamangal, Kathmandu
(Opposite to Hyundai Service Center)

Contact:
: 01-4592905, 4592906
: 9801089211, 9802323196
: hiringagr@gmail.com,
www.facebook.com/aarav.recruitment/

## इम्बोस्डको...

लिदै नेता थापाले सम्बन्धित मन्त्रीलाई इम्बोस्ड नम्बर राख्नका लागि यातायात कार्यालयमा सर्वसाधारणको लाइन र सास्ती हेर्नसमेत आग्रह गरेका छन् ।

त्यत्तिमात्रै होइन, इम्बोस्ड नम्बर प्लेट अनिवार्य गरेर सरकारले अव्यवहारिक रवैया देखाएको भन्दै नेकपा एमाले निकट युवा संघले विरोध प्रदर्शन गरेको हो। युवा संघले मंगलबार दिउँसो काठमाडौंको नयाँ बानेश्वरमा अवस्थित यातायात व्यवस्था विभाग अगाडि प्रदर्शन गरेका हुन् ।

प्रदर्शनमा सहभागीहरुले सरकारले जनतालाई इम्बोस्ड नम्बर प्लेटका लागि एक महिने अल्टिमेटम दिएको भन्दै आक्रोश व्यक्त गरेका थिए । इम्बोस्ड नम्बर प्लेटका नाममा सरकारले सर्वसाधारणबाट चर्को शुल्क असुलेको भन्दै उनीहरुले विरोध जनाएका छन् । यद्यपि, यातायात व्यवस्था विभागले भने साउन १ बाटै इम्बोस्ड नम्बर प्लेट अनिवार्य नरहेको प्रष्ट पारेको छ। चौतर्फी विरोध भएपछि विभाग साउन १ बाटै इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने निर्णयबाट पछि हटेको हो ।

## सबै...

साधनमा सम्बन्धित सवारी कार्यालयहरुले लट नम्बरअनुसार तोकेर सूचना निकालेर इम्बोस्ड प्लेट जोड्दै जाने बताएको छ । विभागले अहिलेकै गतिमा इम्बोस्ड नम्बर प्लेट जडान गर्दा ४० दिनमा २५ लाख सवारी साधनमा जडान गर्न नसकिने स्वीकारेको छ ।

विभागले इम्बोस्ड प्लेट रिड गर्ने आरएफआईडी गेट इम्बोस्ड प्लेटका लागि अनिवार्य नरहेको र उपयोगिता वृद्धि गर्ने संरचना मात्रै भएको बताएको छ । परीक्षणका रुपमा गेट राखिएको भन्दै विभागले १० वटा गेट जडान गर्न उपकरण आयात भइसकेको जानकारी दिएको छ।

## प्रधानमन्त्रीलाई...

छ, हामी विश्वस्त छौं वर्तमान सरकारले यसलाई कार्यान्वयन गर्नेछ ।'

लोसपाले विगतदेखि उठाएका माग, यसअघिका विभिन्न सरकारसँग गरेका समझदारी र सम्झौता कार्यान्वयन नभएको भन्दै अविलम्ब कार्यान्वयन गर्न वर्तमान सरकारको ध्यानाकर्षण गराएको छ । ज्ञापनपत्रमा मधेस/थरुहट आन्दोलनलगायत नेता कार्यकर्तामाथि लगाइएका मुद्दा फिर्ता लिनुपर्ने, रेशम चौधरीलगायत बन्दीहरुको रिहाइ गरिनुपर्ने माग गरिएको छ। नेपालका उत्पीडित समुदाय मधेसी, थारु, आदिवासी जनजाति, शिल्पी (दलित), महिला, मुस्लिमलगायतका सम्मान, पहिचान र अधिकार प्राप्तिको लागि संविधान संशोधन गर्न लोसपाले माग गरेको छ ।

यस्तै, तीन तहको सरकारद्वारा समानुपातिक बजेट वितरणको सिद्धान्त लागू गर्नुपर्ने, लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, विगतमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग गरिएका सम्झौता लागू गर्नुपर्ने ज्ञापनपत्रमा भनिएको छ। स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सुनिश्चित गरिनुपर्ने, कृषकलाई मलको व्यवस्था गर्नुका साथै बाढीपहिरोलगायत विपद् जोखिम नियन्त्रण र विस्थापितको बसोबासको व्यवस्था गरिनुपर्ने, भूमीहिन उत्पीडित समुदायलाई प्राथमिकतामा राखेर जग्गा उपलब्ध गराउन लोसपाले ध्यानाकर्षण गराएको छ ।

## ४ जनप्रतिनिधि....

हाल मोहन्याल गा.पा.का. अध्यक्ष पदमा निर्वाचित देवीदत्त उपाध्यायको हकमा निजविरुद्धको मुद्दा अन्तिम किनारा नभएसम्म स्वत: निलम्बनमा रहने व्यवस्था कार्यान्वयन गर्न गराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, निर्वाचन आयोग र सम्वन्धित स्थानीय तहमा लेखी पठाइएको छ," अख्तियारले भनेको छ ।

यस्तै, मोहन्याल-३ का वडाध्यक्ष नन्दराम गिरी पनि मुद्दाको टुंगो नलागेसम्मका लागि निलम्बनमा परेका छन्। अघिल्लो पटक पनि वडाध्यक्ष रहेका उनीविरुद्ध पनि भ्रष्टाचारको मुद्दा विचाराधीन छ । नुवाकोटको बिदुर नगरपालिका-९ का वडाध्यक्ष हरिराम भण्डारीलाई पनि अख्तियारले निलम्बन गर्न भनेको छ । सुलक्षण माविको प्रध्यानाध्यापक रहँदा विद्यालयको सम्पत्ति हिनामिना गरेको आरोपमा उनीविरुद्धको मुद्दा विशेष अदालतमा विचाराधीन छ । अछामको पञ्चदेवल विनायक नगरपालिका-७ का वडाध्यक्ष सुरतबहादुर रावल पनि निलम्बन परेका छन्। कालीदेवी माविको शिक्षक रहँदा नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको भन्दै उनीविरुद्ध मुद्दा चलेको थियो। उनीविरुद्धको मुद्दा विचाराधीन छ ।

## तालिमका...

सांसद लक्ष्मणलाल कर्णले वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई सामान्य सीप सिकाउने हो भने उनीहरूले हाल गरिरहेको भन्दा तेब्बर आम्दानी गर्ने बताए। वैदेशिक रोजगारमा जाने वा पठाउने कामलाई समाजले नकारात्मकरूपमा लिन नहुने भन्दै सांसद कर्णले वैदेशिक रोजगारलाई उपलब्धीमूलक बनाउन सरकारले ध्यान दिनेपर्ने बताए ।

सांसद रेनुका गुरुङले वैदेशिक रोजगारीमा मात्र निर्भर नभई स्वदेशमा नै रोजगार गर्ने वातावरण बनाउन माग गरिन्। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहले झार उखेल्ने, कुचो लगाउने जस्ता अनुत्पादक क्षेत्रमा खर्च गरिरहेको भन्दै आगामी आर्थिक वर्षमा यस कार्यक्रममा सुधार गर्नुपर्ने बताइन् ।

सांसद समिना हुसेनले श्रम मन्त्रालय रेमिट्यान्सको आशामा नेपालीलाई विदेश पठाउने योजनामा मात्र नलागी युवा जनशक्तिलाई स्वदेशमा नै काम गरेर जिविकोपार्जन गर्ने वातावरण बनाउनुपर्ने माग गरिन् ।

सांसद निरादेवी जैरुले विभिन्न प्रतिष्ठानका नाममा हचुवाका भरमा जथाभावीरुपमा रकम खर्चिने परम्परा परिवर्तन गरेर युवायुवतीलाई स्वदेशमा रोजगारी दिने कार्यक्रम ल्याउनुपर्ने सुझाव दिइन् ।

## अन्तर्राष्ट्रिय...

जनाएको छ । मन्त्री श्रेष्ठले सबै प्रकारका बालश्रम सन् २०२५ सम्ममा उन्मुलन गर्ने लक्ष्यका साथ नेपाल सरकारले काम गरिरहेको उल्लेख गरे । आप्रवासन सम्बन्धी विश्वव्यापी समझदारीपत्रको भावनाअनुसार नेपालले काम गरिरहेको बताउँदै मन्त्री श्रेष्ठले आप्रवासी कामदारले गन्तव्य तथा सम्बद्ध मुलुकमा मानवअधिकार तथा समानताको सुनिश्चितता हुनुपर्नेमा जोड दिए ।

मन्त्री श्रेष्ठले नेपालले कोभिडविरुद्धको खोप अभियानलाई सफलतापुर्वक अघि बढाइरहेको बताउँदै महामारीका कारण परेको असर कम हुँदै जाँदा नेपालको अर्थव्यवस्था विस्तारै सुधार हुँदै जाने क्रममा रहेको, तर उपभोग्य वस्तुहरुको मुल्य बढेकोले श्रमिकको जीवनस्तर तथा उद्योगहरुमा समेत यसबाट असर पुगेको बताए ।

उनले नेपालले रोजगारी, सामाजिक सुरक्षा तथा औधोगिक सुरक्षाको बारेमा गरिरहेको प्रयासबारे सम्मेलनलाई जानकारी गराए। नेपालले सन् २०१८ मा योगदानमा आधारित सामाजिक सुरक्षा योजना अगाडी बढाएको बताउँदै उनले श्रमिक तथा उनीहरुको परिवारको कामसँग सम्बन्धित जोखिम न्यूनिकरण सम्बन्धमा सामाजिक सुरक्षा योजना महत्वपूर्ण कदम रहेको बताए । सिमान्तकृत तथा बेरोजगार नागरिकहरुलाई केन्द्रमा राखी शुरु गरिएको सय दिन रोजगार दिने प्रधानमन्त्री रोजगार कार्यक्रमले अनौपचारिक क्षेत्रमा रहेका श्रमिक र महामारीमा रोजगारी गुमाएकाहरुलाई पनि केही मात्रामा सहयोग पुऱ्याएको बताउँदै मन्त्री श्रेष्ठले व्यावसायिक सीप विकास तालिम नीति तथा संरचनाहरु निर्माण गरी रोजगारका अवसरहरु उपलव्ध गराउन लागिपरेको उल्लेख गरे ।

अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा आइएलओका सदस्य रहेका विभिन्न देशका सरकार तथा राज्य प्रमुख, श्रममन्त्री, उद्यमी तथा औद्योगिक क्षेत्रका अगुवा तथा श्रमिक नेताहरुले सम्बोधन गरेका थिए ।

## दूतावासको...

पठाउनुपर्ने व्यवस्था गरेको छ । सरकारले कानून ल्याउने, तर दूतावासले डिमाण्ड प्रमाणीकरण नगरिदिने प्रवृत्तिले आफुजस्ता सयौं जना चेपुवामा परेको ती व्यवसायीको गुनासो छ ।

हाल मलेसियामा रहेका ती व्यवसायीले नाम नबताउने शर्तमा भने, 'म्यानपावर कम्पनीले वार्षिक सय जना पुऱ्याउनै पर्ने नियम एकातिर छ भने अर्कोतिर अहिले मलेसियास्थित नेपाली दूतावासले एउटा मागपत्र एटेस्टेशन गर्न एक महिनासम्म टाइम लिने गरेको छ । अब, आजभोलि तयार भएका डिमान्ड पेपर समयमा एटेस्टेसन नहुने हो भने असार मसान्तसम्म त्यो मागपत्रबाट कामदार मलेसिया उड्न नसक्ने अवस्था उत्पन्न भएको छ।' उनले अगाडि भने, 'दूतावासको कागजी ढिलाईले म्यानपावर कम्पनीले संख्या सयको थ्रेसहोल्ड कटाउन सक्ने सम्भावना कम हुँदै गएको छ।'

वैदेशिक रोजगार ऐन अनुसार व्यवसायीहरूले जरिवाना नतिरी असार मसान्तसम्म र जरिवाना तिरेर असोज मसान्तसम्म इजाजतपत्र नवीकरण गर्न पाउने व्यवस्था छ । उक्त कानूनी व्यवस्था उल्लेख गर्दै ती व्यवसायीले भने, 'अब असार मसान्त आउन सवा एक महिना बाँकी छ, डिमान्ड समयमा प्रमाणित हुने हो भने व्यवसायीले त्यति समयभित्र कामदार सजिलै वैदेशिक रोजगारमा पठाउन सक्छन्। त्यसले विदेशी मुद्राको चाप व्यहोर्नुपरेको नेपाली अर्थतन्त्रलाई पनि ठूलो सहयोग पुऱ्याउने छ । तर दूतावासले अहिलेकै ढिलासुस्ती यथावत् राखेमा त्यसले आम व्यवसायी र राष्ट्रलाई नै ठुलो नोक्सान पुऱ्याउने देखिएको छ । दूतावासको ढिलाईका कारण कैयौं म्यानपावर कम्पनीको काम समयमा नभई लाइसेन्स नवीकरण नै नहुने खतरा बढेको छ।'


Government of Nepal
Ministry of Water Supply
**Department of Water Supply and Sewerage Management**
**Federal water Supply and Sewerage Management Project**
Arghakhanchi

**Invitation for Bids (IFB)**

**First date of publication:-08/06/2022 (BS-25/02/2079)**

Federal Water Supply and Sewerage management Project Arghakhanchi invites only electronics bids(www.bolpatra.gov.np/egp) for the following works under National competitive bidding.

**Intrested Companies should submit only online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 08/07/2022 12:00.**

| S. N | Contract NO. | Description of works | Estimated cost (with VAT and PS) | Bidding Document fee NRs. | Bid Security NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/13/ 2078-079/ FWSSMP/ARG | Construction of chhatrakot (Brihat Pumping) water supply project Gulmi | - | 10000 | 2600000 | Single stage double envelope(1S2E) |
| 2 | NCB/WORKS/23/ 2078-079/ FWSSMP/ARG | Construction of Wai khola lift (treatment plant ) project, Gulmi | 15155671.1 | 3000 | 450000 | NCB |

**The detail notice can be assessed from http://www.bolpatra.gov.np/egp**

**Project Chief**



**प्रदेश सरकार**
**सुदूरपश्चिम प्रदेश**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**डडेल्धुरा**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**(प्रकाशित मितिः- २०७९/०२/२५)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/०१/०५ को मध्यान्ह राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egpमा प्रकाशित बोलपत्र आव्हानको Single Stage Two Envelope ठेक्का सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्याङ्कनमा निम्न बमोजिमका बोलपत्रदाताहरूले प्राविधिक प्रस्तावका शर्तहरू पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७९/३/१ गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ को उपनियम ५ र ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरू |
|---|---|---|---|
| १ | IDO/DDL/ RMBTB/W/ NCB/26/2078/079 | Daijee-Lipna-Jogabuda-Chirkitte-Ghatal-Pokhara-Belapur-Dhungad-Bajhang (Pokhara-Belapur Section) Road | 1. Deviram-Tej-Manilek JV Dhangadhi, Kailali 2. Y.R-Hatairaj JV Mahendranagar,Kanchanpur |
| २ | IDO/DDL/ RMBTB/W/ NCB/27/2078/079 | Sahajpur-Bogtan-Dipayal Road (Wayal-Gaguda-Tudagad Section) | 1. Lama Construction and Suppliers Pvt.Ltd Chabahil, Kathmandu 2. Rajendra-Dunila JV Dhangadhi,Kailali 3. Dev and Sayar-Tej JV Dhangadhi 2, Kailali |
| ३ | IDO/DDL/ RMBTB/W/ NCB/28/2078/079 | Rajpur-Phaledi-Dhirkamandu Road | 1. Indradhanu-Hatairaj JV Baitadi 2. Swar Construction Pvt.Ltd Ridikot Achham |

**कार्यालय प्रमुख**



**Invitation for E-Bids**

**Mangalsen Municipality**
**Office Of Municipal Executive**
**Mangalsen, Achham**

**Invitation for Bids for the procurement of Goods**

**Date of publication: 2079/02/25(2022/06/08)**

1) Mangalsen Municipality invites 15 days electronic bids notice from Nepalese eligible bidders for the following goods.
2) under National Competitive Bidding procedures.
Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Mangalsen Municipality Achham, Website : mangalsenmun.gov.np E-mail : mmunicipalityachham@gmail.com, Phone/ Fax : 097-620138
Bidder may submit their bid electronically should deposit the cost(as specified below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**Name of the Bank** : **Rastriya Banijya Bank**
**Name of Office** : **Mangalsen Municipality**
**Office Code no.** : **201280517**
**Office Dharauti Account no.** : **4260100303000003**
**Rajaswa (revenue) Account no.** : **4260100301010003**

3) Electronic bids must be submitted to the office Of Mangalsen Municipality by through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hour on 2079/03/09 (22nd Jun, 2022). Bids received after this deadline will be rejected.
4) The bids will be opened in the presence of Bidders' representatives who choose to attend on 13:00 Hrs. of 2079/03/09 (22nd Jun, 2022). at Mangalsen Municipality Achham. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting Prescribed in the following table which shall be valid for 30 days beyond the validity period of the bid .
5) All bids shall be accompanied by a Bid Security for the amount as specified in the table above in local currency. Bidders are required to submit a separate bid security for each contract for which they submit bids. The bid security guarantee shall confirm to the standard format as specified in the bid document. The bid security guarantee issued only by the commercial bank approved by Nepal Rastra Bank shall be accepted by the Employer.
6) Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
7) The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, the information not provided here will be as per PPA and PPR.

**DETAILS OF WORK**

| S. N | Contract Id | Description of works | Estimated Cost in NRS. (Excluding VAT and contingency) | Bid Security Amount in NRs. | Bid Document Cost (NRs.) (Non-Refundable) | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | MM/ACH/ NCB/ GOODS-03/ 2078-079 | Bhaisiko Saanaa Byaawasaayik Krishi Utpaadan Kendra Pocket Bikash Karyakram (Purchase and Supply of Aluminium Milk Can (Aluminium 10 ltrs capacity with 2 Kg weight). | 10,44,400.00 | 29,500.00 | 1000.00 | **E-Bid Only** |
| 2. | MM/ACH/ NCB/ GOODS-04/ 2078-079 | Procurement and Supply of Sanitary Pads for Government School, Mangalsen, Achham | 21,97,445.00 | 62,000.00 | 1000.00 | **E-Bid Only** |

**Chief Administrative Officer**
**Office Of Municipal Executive**

बाघ नियन्त्रणको माग गर्दै आन्दोलन

# प्रहरीद्वारा स्थानीयमाथि बल प्रयोग, गोली प्रहारबाट युवतीको मृत्यु

**मध्यान्ह संवाददाता**
बर्दिया, २४ जेठ

बर्दियामा मंगलबार दिनभरजसो तनावग्रस्त बन्यो । मानिसलाई आक्रमण गर्ने बाघ नियन्त्रणको माग गर्दै सडकमा उत्रिएका स्थानीय र प्रहरीबीच झडपका क्रममा एक जनाको मृत्यु समेत भएको छ ।

प्रहरीको गोली लागेर बर्दियाको मधुवन नगरपालिका २ स्थित आरोली बजारमा एक युवतीको मृत्यु भएको हो । मृत्यु हुनेमा मधुवन नगरपालिका २ की करिब २० वर्षीया नविना थारु रहेकी छन् । उनी १२ कक्षाकी विद्यार्थी भएको स्थानीयले बताएका छन् ।

बर्दियाको खाता जैविक मार्ग क्षेत्रमा बाघसहित वन्यजन्तुको आक्रमण बढेको भन्दै सोमबार दिउँसो स्थानीयले गुलरिया-राजापुर सडक खण्डको ओराली बजारमा सडक बन्द गरेका थिए । स्थानीयले अवरुद्ध गरेको सडक खुलाउन प्रहरी परिचालन भएका थिए ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीले स्थानीयमाथि बल प्रयाग गर्दा उक्त घटना भएको हो । बाघ नियन्त्रणको लागि बर्दिया राष्ट्रिय निकुञ्ज र वन कार्यालयको टोली परिचालन भइसकेको र वार्ताको तयारी हुँदै गर्दा घटना भएको हो ।

स्थानीयको ढुंगा प्रहारबाट १८ जना प्रहरी घाइते भएको समेत जिल्ला प्रहरी कार्यालय बर्दियाले जनाएको छ । घाइतेमध्ये प्रहरी हवल्दार पार्वता खड्काको अवस्था गम्भीर छ । उनलाई उपचारको लागि नेपालगञ्ज लगिएको छ । प्रदर्शनमा उत्रिएका स्थानीय दुई जना घाइते भएका छन् । उनीहरुलाई पनि गोली लागेको स्थानीयले बताएका छन् ।

**गृहले बनायो छानविन समिति**

गृह मन्त्रालयले युवतीको गोली लागेको घटनामा छानबिन गर्न पाँच सदस्यीय छानबिन समिति समेत बनाएको छ । मन्त्रीस्तरीय निर्णयबाट सहसचिव हरि घिमिरेको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको हो ।

समितिलाई काम शुरु गरेको मितिले सात दिनभित्र घटनाका सम्बन्धमा स्थलगत रूपमा छानबिन गरी प्रतिवेदन पेस गर्ने कार्यादेश दिइएको गृहमन्त्रीको सचिवालयले जनाएको छ । समितिमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उप-महानिर्देशक बेदकुमार ढकाल, नेपाल प्रहरीका उपरीक्षक कृष्ण कोइराला, राष्ट्रिय अनुसन्धान विभागका उप-अनुसन्धान निर्देशक विकास पाण्डे र गृह मन्त्रालयका उपसचिव ध्रुव खड्का सदस्य छन् । यसैबीच बाघको आक्रमण रोक्न उचित कदम नचलालिएको भन्दै आन्दोलनरत स्थानीयवासी र प्रहरीबीच सोमबार झडप हुँदा एक जनाको मृत्यु भएको विषय छानबिन गर्न सर्वपक्षीय समिति गठन गर्ने सहमति भएको छ ।

प्रहरी र स्थानीयवासीबीच झडप हुँदा प्रहरीको गोली लागेर बर्दिया मधुवन-२ को १९ वर्षीया नवीना थारुको मृत्यु भएको थियो । नवीनाको मृत्यु भएपछि स्थानीयवासी झनै आक्रोशित भएका छन् । बर्दियाको ओराली क्षेत्र तानवग्रस्त भएको छ । गुलरिया राजापुर सडक पूर्णरुपमा अवरुद्ध छ ।

**सेभ स्माइल्स डेण्टल केयर प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०७६/०८/१३ मा दर्ता भएको प्रा.लि. नं. २२९३०९/०७६/०७७ का सेभ स्माइल्स डेण्टल केयर प्रा.लि. को संचालकहरुको मिति २०७९/०२/२४ मा बसेको विशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी बक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदावी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

सरोज दाहाल
दामासाही ब्यवसायी
इजाजत नं. ३५३
प्रतीक ल फर्म
भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे
मोबाइल नं. : ९८५१२११००२

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**दोस्रो पटक प्रकाशित मितिः २०७९/०२/२५**

**पी. एण्ड एस. हाउजिङ्ग डेभलपर्स प्रा.लि.** को सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अकला पि. एण्ड एस. हाउजिङ्ग डेभलपर्स प्रा.लि. (प्रा. लि. नं.: ३६१०१/०६२/०६३)**, कायम गर्ने गरी मिति २०७८/०७/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकार वाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/१२/२० मा दर्ता भएको प्रा.लि. नं. ७८७१० को **कृष्ण किरण फर्निचर एण्ड सव-मिल उदयोग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
प्रथम पटक प्रकाशित मिति २०७९/०२/२५

यस कम्पनीको मिति २०७८/०९/०१ मा सम्पन्न एकल शेयरधनीको निर्णय बमोजिम साविक कम्पनी **अर्घाखाँची कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. १४०१७८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०९/०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एल.एम.टी बिल्डर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**Malaysia मा रोजगार** | **PWB (M) Sdn. Bhd.**

पूर्व स्वीकृती मितिः २०७९/०२/२४ | चलानी नं. ६०१८०५९९ | LT No. : 264467

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Washing & Cleaning Worker | 35 | साधारण | 1500 | ४२,५१२।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

अन्तवार्ता २०७९ असार १५ र १६ गते (15 & 16 June 2022) यस प्रा. लि. को कार्यालय पुतलीसडक, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Bj Overseas Pvt. Ltd.** Govt. Lic. No.: 452/060/061
New Plaza, Putalisadak, Kathmandu, Ph.: 4438698, 4530905

**कतारमा रोजगारको अवसर** | कम्पनी : DANEM ENGINEERING WORKS
शहर : DOHA

पुर्व स्वीकृत मितिः २०७८/०३/२७ | चलानी नं.: ६०१५९९९७ | L.T. No.: 242298 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३७,३३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Instal Technician | 5 | 0 | | 1100 | ३७,३३४ | | | | | | | |
| 3. | Driver | 5 | 0 | | 1700 | ५७,६९८ | | | | | | | |
| 4. | Mason | 2 | 0 | | 1100 | ३७,३३४ | | | | | | | |

अन्तर्वार्ता पि.आई.टी. तालिम केन्द्र, जनकपुरमा २०७९ साउन १ गते (15 June 2022) मा हुनेछ ।
अन्तर्वार्ता अक्टुपश तालिम केन्द्र, विर्तामोडमा २०७९ साउन ४ गते (18 June 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं. १५३०/०७७/०७८

**रेशनल ओभरसिज प्रा. लि.**
कोटेश्वर-३२, काठमाडौं, नेपाल । फोन: ०१-४६०००२७ । मो.: ९८४१५३२८७६, ९८१४९७७१४०
इमेल: rational751@gmail.com | www.rationaloverseas.com.np

# ‘पशुपतिको अतिक्रमण गरिएका सबै जग्गा फिर्ता ल्याउछौं’

**काठमाडौं/मस-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले पशुपतिनाथ मन्दिरका नाममा भएका तर अतिक्रमण गरिएका सबै जग्गा फिर्ता ल्याइने बताएका छन् ।

भूकम्पका कारण भत्किएको पशुपतिनाथ परिसरमा रहेको विश्वरुपा मन्दिर तथा सतल पुनः निर्माणका लागि मंगलबार शुभारम्भ गर्दै उनले पशुपतिनाथको जग्गा अतिक्रमण गरी बनाइएका टहरा भत्काइ अतिक्रमण भएको जमिन सबै फिर्ता गराइने प्रतिवद्धता जनाए । मन्त्री आलेले भने, ‘सरकारी सम्पत्ति र भगवान्को जमिन कसैले मिच्न र अतिक्रमण गर्न पाउँदैन, अतिक्रमण भएका सबै जग्गा फिर्ता गराएरै छाड्छु ।’

**हरिपुर्वा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हरिपुर्वा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

**ठेक्का सम्झौता गर्न आउने बारे**
**प्रकाशित मितिः २०७९/०२/२५**

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. ०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायको योजना सञ्चालन गर्नका लागि मिति २०७८/११/३० मा प्रकाशित सूचना तहाँ फर्मबाट पेश भएको बोलपत्र यस कार्यालयको मिति २०७९/०२/१७ को निर्णय अनुसार स्वीकृत भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७६ को उपदफा ४ बमोजिम नियमानुसारको हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सी एसिया शाखा, हरिपुर्वामा रहेको धरौटी खाता नं. D8CA050850952407 मा जम्मा गरी सो को सक्कलै भौचर वा तपशिलको म्याद भएको कार्य सम्पादन जमानत सहित १५ दिनभित्र सम्झौता गर्न आउनु हुन अनुरोध छ ।

**तपशिल**

| क्र.सं | ठेक्का नं | योजनाको नाम | ल.इ. रकम VAT र PS बाहेक | कबोल गरेको रकम VAT बाहेक | दाखिला गर्नुपर्ने कार्य सम्पादन जमानत | जमानत रकमको अवधि |
|---|---|---|---|---|---|---|
| १ | HRP/WORKS/NCB/02 078/079 | राम जानकी प्रा.वि हरिपुर्वा ६ मा भवन निर्माण | १०६१०४९४/७४ | ८५८५३१३/०० | ७२६३०९ | २०८० असार मसान्त |

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रदेश सरकार**
**सुदूरपश्चिम प्रदेश**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**धनगढी, कैलाली, नेपाल**

**योग्यताक्रम प्रकाशन गरिएको तथा दाबी विरोध सम्बन्धी सूचना**
**(प्रकाशित मितिः २०७९/०२/२५ गते)**

यस निर्देशनालयको यस आ.व.को स्वीकृत वार्षिक कार्यक्रम “**सुदूरपश्चिम प्रदेशका प्रत्येक जिल्लामा जिल्लागत विशिष्टताका आधारमा प्रत्येक जिल्ला १ विशिष्ट उद्योग स्थापना/प्रवर्द्धनका लागि अनुदान सहायता**” का लागि प्राप्त प्रस्तावहरुको मूल्याङ्कन पश्चात न्यूनतम अङ्क प्राप्त गर्ने प्रस्तावहरुको देहाय बमोजिमको योग्यताक्रम कायम हुन आएको छ । उक्त योग्यताक्रमउपर प्रस्तावकहरु कसैको दाबी वा विरोध भए यो सूचना प्रकाशन भएका मितिले ७ (सात) दिनभित्र यस निर्देशनालय समक्ष दावी विरोधको निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**प्रस्ताव मुल्याङ्कन समितिको मूल्याङ्कनपश्चात कायम हुन आएको प्रस्तावहरुको योग्यताक्रम:**

| जिल्ला | योग्यताक्रम नं. | उद्योगको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| कैलाली | १ | आशुतोष मौरीपालन फर्म | गैरीगंगा नगरपालिका वार्ड नं. ९ कैलाली | छनौट |
| | २ | देविराम एण्ड खिमा देवी मौरीपालन फर्म | लम्किचुहा नगरपालिका वार्ड नं. ४ कैलाली | |

| जिल्ला | योग्यताक्रम नं. | उद्योगको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| कञ्चनपुर | १ | न्यू शुभम फर्निचर उद्योग | भिमदत्त नगरपालिका वार्ड नं. ८ कञ्चनपुर | छनौट |
| | २ | डी.जे.चिप्स ईन्डष्ट्रिज | पुनर्वास नगरपालिका वार्ड नं. ४ कञ्चनपुर | |

| जिल्ला | योग्यताक्रम नं. | उद्योगको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| बझाङ्ग | १ | हिमालयन नेपाली कागज उद्योग | मष्टा गाउँपालिका वार्ड नं. ७ बझाङ्ग | छनौट |

| जिल्ला | योग्यताक्रम नं. | उद्योगको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| बाजुरा | १ | शंकरदेव नेपाली हाते कागज उद्योग | खप्तडछेडेदह गाउँपालिका वार्ड नं. ५ बाजुरा | छनौट |

| जिल्ला | योग्यताक्रम नं. | उद्योगको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| बैतडी | १ | समृद्धी मौरीपालन ब्यवसाय | पुर्चौडी नगरपालिका वार्ड नं. ४ बैतडी | छनौट |
| | २ | रक्षा कृषि तथा पशुपन्छी बहुउद्देश्यीय फर्म | दोगडाकेदार गाउँपालिका वार्ड नं. ५ बैतडी | |
| | ३ | प्रगतीशिल बाखा तथा मौरीपालन केन्द्र | दशरथचन्द नगरपालिका वार्ड नं. ९ बैतडी | |
| | ४ | सुरज मौरीपालन | दशरथचन्द नगरपालिका वार्ड नं. ८ बैतडी | |

| जिल्ला | योग्यताक्रम नं. | उद्योगको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| दार्चुला | १ | हिरोस अल्लो उद्योग | दुहुँ गाउँपालिका वार्ड नं. २ दार्चुला | छनौट |
| | २ | दोगडा चिउरी हर्वल नुहाउने साबुन उद्योग | शैल्यशिखर नगरपालिका वार्ड नं. २ दार्चुला | |
| | ३ | भुमिराज बाखा पालन फर्म | अपीहिमाल गाउँपालिका वार्ड नं. ३ दार्चुला | |
| | ४ | जलदेवि गलैचा उद्योग | शैल्यशिखर नगरपालिका वार्ड नं. २ दार्चुला | |

| जिल्ला | योग्यताक्रम नं. | उद्योगको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| डडेल्धुरा | १ | कञ्चन मौरीपालन | अमरगढी नगरपालिका वार्ड नं. ७ डडेल्धुरा | छनौट |
| | २ | ओम मौरीघार तथा कृषियन्त्र उद्योग | आलिताल गाउँपालिका वार्ड नं. ४ डडेल्धुरा | |
| | ३ | आलीताल मौरीघार उद्योग | आलिताल गाउँपालिका वार्ड नं. ४ डडेल्धुरा | |

| जिल्ला | योग्यताक्रम नं. | उद्योगको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| अछाम | १ | रामारोशन हर्वल प्रोडक्ट | रामारोशन गाउँपालिका वार्ड नं. ५ अछाम | छनौट |

मध्यान्ह
www.madhyanhadaily.com
२५ जेठ २०७९, बुधबार
8 June 2022, Wednesday

## सम्पादकीय

# बाघ बाँच्ने कि मान्छे !

बर्दियामा बाघबाट सुरक्षाको माग राख्दै भएको प्रदर्शनमा प्रहरीले गोली चलाउँदा एक कशोरीको मृत्यु भयो। कक्षा–१२ मा पढ्ने नबीना थारूको मृत्यु भयो भने भने अन्य चार जना घाइते भए। स्थानीयसँग झडप हुँदा केही प्रहरी समेत घाइते भए। बाघको आक्रमणबाट स्थानीय घाइते भएपछि सुरक्षा माग गर्दै प्रदर्शन भएको थियो। तर प्रदर्शन हटाउने क्रममा प्रहरीले गोली चलाउँदा नवीना थारूको मृत्यु भएपछि यो विषय संसदीय छलफलको विषय बनेको छ। गृह मन्त्रालयले ५ सदस्यीय छानबीन समिति गठन गरेको छ। मधुवन नगरपालिका–२ को ओराली बजार क्षेत्रमा भएको उक्त घटनाबारे सांसदहरूले प्रश्न उठाएपछि गृहमन्त्री बालकृष्ण खाँणले प्रहरीलाई गोली चलाउने आदेश नभएको जवाफ दिएका छन्।

नरभक्षी बाघबाट सुरक्षा माग राखेर भएको प्रदर्शनमा परीक्षा दिएर घर फर्कदै गरेकी नवीनाको मृत्यु हुनुले सरकारको गैरजिम्मेवारी र राज्यको उत्तरदायित्वबोध नदेखिएको सांसदहरूको आरोप छ। गृहमन्त्री खाँणले भने छानबीन समिति बनिसकेकाले रिपोर्टका आधारमा कार्बाही प्रक्रिया अगाडि बढ्ने आश्वासन दिएका छन्। बर्दियामा बाघको सुरक्षा मागसहित भएको प्रदर्शनमा गोली चलेर एक किशोरीको मृत्यु हुँदा यता चितवनमा पनि बाघको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ। भरतपुर महानगरपालिका–२३ की ५५ वर्षीया मंगली बोटेको बाघको आक्रमणबाट मृत्यु भएको छ। उनी निहुँरो टिप्न जंगल गएकी थिइन्। जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार चालु आर्थिक वर्षमा मात्रै १४ जनाको मृत्यु भइसकेको छ।

८७ बाघ रहेको बर्दिया राष्ट्रिय निकुञ्ज भन्दा चितवन राष्ट्रिय निकुञ्जमा धेरै बाघ छन्। चितवनमा ९३ वटा बाघ छन्। नेपालमा बाघको संख्या लगातार बढिरहेको छ। बाघको संख्या बढाउने सरकारकै उद्देश्य हो। सन् २०१८ को गणनाअनुसार नेपालमा बाघको संख्या २३५ पुगेको छ। बाघको संख्या बढेकोमा खुशी मानिरहँदा मानिसको मृत्यु संख्या बढ्नु दुखद् कुरा हो। अझ सरकारसँग बाघबाट सुरक्षाको माग गर्दा प्रहरीले गोली चलाउने परिस्थिति बन्नु गैरजिम्मेवारीपनको हद हो। जनवार र मान्छे बीचको समस्या राष्ट्रिय निकुञ्ज आसपास बढ्दो छ। यसतर्फ आवश्यक ध्यान दिनुको साटो सरकारबाट गैरजिम्मेवारपन देखिएको छ। यो सकिने समस्या नभएर बढ्दो समस्या भएकाले यसबारे सरकार गम्भीर हुन जरूरी छ। बाघ र मान्छे दुवैले सुरक्षित महशुस गर्ने बातावरण निर्माण नै दीर्घकालीन समाधान हो। यसतर्फ सोच्नलाई यो घटनाबारे वैज्ञानिक छानबीन हुन आवश्यक छ।

# अपभ्रष्ट राजनीति र जनमत

*नेपालमा जतिसुकै लोकतान्त्रिक, गणतान्त्रिक, समाजवाद उन्मुख सरकार बने पनि भ्रष्टाचारविरूद्ध गर्व गर्न लायक निर्णय गर्न नसकेको आमनागरिकको गुनासो छ। बरू उल्टै भ्रष्टाचारमा संलग्न व्यक्तिलाई पुरस्कृत र नियुक्ति दिएको भन्दै सरकारको आलोचना हुने गरेको पाइन्छ।*


**अग्रलेख**



● आरबी खड्का

राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक आन्दोलनका अलग-अलग नेता हुन सक्छन् तर, सबैको मूल नेतृत्व भनेको राजनीतिक नै हो। नेताले लिएको लक्ष्यले नै उ कति ठूलो नेता हो भनेर निर्धारण गर्छ, उसको पछाडि लागेको भीडले होइन। हालै सम्पन्न भएको स्थानीय तह निर्वाचनमा पार्टी नेतृत्वले साम, दाम, दण्ड र भेदको नीति प्रयोग गरेर चुनाव जित्न खोज्ने व्यक्तिहरूलाई उम्मेदवार बनाउनुको सट्टा सक्षम र राजनीतिक निष्ठा भएको व्यक्तिहरूलाई उम्मेदवार बनाउनु पर्ने थियो। तर, त्यसो हुन सकेन। नेताहरूले परिवर्तनसँगै आफ्नो आचरण बदल्न सकेनन्। उनीहरूलाई पद, प्रतिष्ठा र पैसाको स्वार्थी आचरणले आफ्नो साख बचाउन धौधौ परेको अवस्था छ।

देशमा राजनीतिक परिवर्तन जनताको त्याग, तपस्या र बलिदानबाट भएका थिए। यी परिवर्तनहरूको व्यवस्थापन गर्न राजनीतिक पार्टीहरू सफल नहुँदा नागरिकका लागि प्रजातन्त्र वा गणतन्त्र हात्ती आयो हात्ती आयो फुस्सा भनेजस्तै भएको छ। नागरिकले विकासको अनुभूति गर्न पाएका छैनन्। केही व्यक्ति र समूहले मात्र नेपाली राजनीतिलाई दुहुनो गाई बनाएका छन्। आज 'काम गर्ने कालु मकै खाने भालु' भनेझैं जनताको रगत पसिनाको मूल्यको फाइदा सानो झुण्डले उठाइरहेका छन्।



हिजो चप्पल लगाउने नेता आज चिल्ला कारमा सवार भएका छन्, घरवार विहीन नेताहरू महलमा बस्ने स्तरका भएका छन्। आफ्ना छोराछोरीलाई विदेशमा उच्च शिक्षाका लागि पठाउन सक्ने र साधारण बिरामी हुँदासमेत विदेशमा उपचार गराउन सक्ने हैसियतका नेपालका नेता गणको आर्थिक अवस्था धान्ने कुनै व्यापार व्यवसाय छैन। हवाई चप्पल वाला नेताहरु लगायतका समेत देशका सम्पन्न वर्गभित्रको हैसियत राख्दछन्। नेताहरूमा देखिएको यस्तो आश्चर्यजनक रुपको आर्थिक छलाङको रहस्य भनेकै सत्ताको दुरुपयोग गर्दै भएको भष्ट्राचार हो भन्न धेरै सोचिरहनु पर्दैन।

देशमा निर्वाचन प्रणाली निकै महँगो हुँदै गएको छ, पैसा बिना निर्वाचन जित्ने त निकै परको कुरा भयो उम्मेद्वारीसमेत दिन नसकिने अवस्था छ। पैसावालाको बोलवाला बढ्दै गइरहेको छ। पैसाकै बलमा गाउँघरका सोझा सीधा गरिब दुःखी मतदातालाई मासुभात वा केही रकमको लोभमा पारेर आफ्नो पक्षमा मत किनिरहेका थिए। देशमा महँगो निर्वाचनले अपराधको राजनीतीकरण र राजनीतिको भ्रष्टीकरण गरिदिएको छ। अर्कोतर्फ पैसाविना निर्वाचन नै लड्न नसक्ने र लडे पनि जित्नै नसक्ने अवस्था बन्दै जाँदा पार्टी भित्रका र् बाहिरका सामाजिक छबि भएका स्वतन्त्र बौद्विक व्यक्तित्व, इमान्दार राजनीतिक कार्यकर्तालाई जसरी भए पनि पैसा संकलन गर्नुपर्ने बाध्यता छ। जसले राजनीतिको भ्रष्टीकरण समेत भइरहेको छ। यसरी हेर्दा नेपालमा निर्वाचन प्रणाली राजनीतिक भ्रष्टाचारको प्रमुख कारक बन्दै गइरहेको देखिन्छ। हरेक राजनीतिक कार्यकर्ता भोली नेता बन्न चाहन्छ तर भ्रष्ट र तस्कर तथा दलाल नेता बन्न चाहँदैन। अनि पैसाको बलमा राजनीति गर्नेहरूलाई इमान्दार कार्यकर्ता नेता मान्न तयार छैन। तर पैसाको महत्व बढ्दै जाँदा यो सबै गर्न विवश छ।

*आज हाम्रो निर्वाचन प्रणाली पैसामुखी भएको छ। पैसावालाले नै दलबाट टिकट पाउने र निर्वाचनमा पनि पैसाको खोलो बगाएर जित्ने परिपाटी बनेको छ। आज निष्ठाको राजनीति सेलाएको छ भन्दा अतियुक्ति हुँदैन। यस्तो अपभ्रष्ट राजनीतिबाट जनताले कस्तो आशा गर्ने ?*

आज हाम्रो निर्वाचन प्रणाली पैसामुखी भएको छ। पैसावालाले नै दलबाट टिकट पाउने र निर्वाचनमा पनि पैसाको नै खोलो बगाएर जित्ने परिपाटी बनेको छ। आज निष्ठाको राजनीति सेलाएको छ भन्दा अतियुक्ति हुँदैन। नेपालमा कहिलेदेखि भ्रष्टाचार सुरु भयो भन्ने इतिहास त्यति थाहा छैन। तर नेपालको एकीकरण गर्ने पृथ्वीनारायण शाहको पालामा पनि घूस दिने चलन थियो भन्ने उनकै उपदेशमा पनि 'घूस लिन्या र दिन्या, दुवै देशका शत्रु हुन्' भन्ने लेखिएकाले स्पष्ट हुन्छ। घूस लिने र दिने दुवैलाई त्यसबेला देशको शत्रु मानिन्थ्यो। तर अहिले त उनीहरूलाई महान् व्यक्ति मानिन्छ। देशमा समस्या नै समस्याका चाङहरू छन्।

भ्रष्टचार, ढिलासुस्ती, अपारदर्शिता, गैरजिम्मेवार प्रवृत्ति, दण्डहीनतालगायतका समस्याको समाधान गर्नेतर्फ सरकारको कुनै चासो छैन। शिक्षा क्षेत्र लथालिंग छ। लाखौंको संख्यामा विद्यालय उमेर समूहका बालबालिका विद्यालय शिक्षाबाट बाहिर छन्। सवैका लागि शिक्षाको सपना नारामा मात्र सीमित छ। संविधानमा शिक्षा र स्वास्थ्य सेवालाई मौलिक अधिकारको रूपमा दस्तावेजीकरण गरिएको छ। परन्तु व्यवहारमा यिनै दुईवटा क्षेत्र व्यापार भएका छन्। राज्य समाजका तमाम समस्याबाट नागरिकलाई छुटकारा दिने योजनामा अर्जुन दृष्टिका साथ लाग्नुपर्थ्यो। त्यसो हुन सकेन।

देशका किसानको अवस्था झन् दयनीय बन्दै गएको छ। युवाले आफ्नो भाग्य र भविष्य खोज्न विदेशिनु परेको छ। महँगीले आकास छोएको छ। जनतालाई करको भारी बोकाइएको छ। उद्योगधन्दा खुलेका छैनन्। देशमा भ्रष्टाचार, कुशासन र कमिसनतन्त्र मौलाउँदै गइरहेको छ। हाम्रा राजनीतिक दल र सरकारमा रहेर नेतृत्व गरेका शासक सुशासन दिन असफल हुँदै आइरहेका छन्। सरकारले फेरि पनि जनताको ढाड सेक्ने गरी पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ। नयाँ संविधान आएपछि राज्यमा भएका तमाम समस्या समाधान गरी सामाजिक रूपान्तरण र आर्थिक समृद्धिको मार्गमा देश अगाडि बढ्नेछ भन्ने नेपालीको अपेक्षामा तुषारापात भएको छ।

नेपाल चीन र भारतबीच अवस्थित भूपरिवेष्ठित राष्ट्र हो। यद्यपि, नेपालले यी दुई ठूला राष्ट्रको चेपबाट जोगिएर आफ्नो अस्तित्व कायम राख्नु पर्दछ। यसका लागि हामी नेपाली सबै सक्षम र सजग नभई राष्ट्रियतालाई समृद्ध गराउन सकिँदैन। राष्ट्रियता बचाउन आफै अग्रसर हुनुपर्छ, अर्कोले बचाइदिने होइन। नेपालको लिपुलेक, कालापानी, लिम्पियाधुरा, सुस्ता महेशपुरलगायतका भूमि अतिक्रमण भएका छन्। राष्ट्र र जनताको सामु देखा परेका गम्भीर चुनौतीको सामना गर्न जनताहरूले गणतन्त्र, राष्ट्रियता, संघीयता र धर्म निरपेक्षताको रक्षा र भ्रष्टाचारको विरूद्ध संघर्ष गर्न जरूरी छ।

आज भ्रष्टाचार समाजमा निकै ठूलो रोगको रुपमा विकास भएको छ। जहाँ सरकारी संयन्त्र सबैभन्दा बढी भ्रष्ट देखिन्छ। यो सभ्य समाजको लागि प्रदूषण नै हो। यसले व्यक्तिको स्वभाव र शैलीलाई नकारात्मक बनाउँछ। भ्रष्टाचारले लोकतन्त्रका मूल्य, मान्यता, नैतिकता, न्याय, कानुनको शासन तथा विश्वकै अर्थतन्त्रलाई धराशयी बनाउँछ। अदालत, संसद्, सरकार, राजनीतिक दल, निजी क्षेत्र, सबैतिर जवाफदेहिता छैन, नीतिगत भ्रष्टाचार मौलाएको छ। कानूनको पालना गर्नु गराउनु सुशासन हो। नेपालका नेताले आफैंले संविधान र कानून कति पालना गर्नुभएको छ, दुनियाँलाई थाहा छ। अनि कसरी पत्याउने उहाँको ओठे प्रतिवद्धता ? समाज धन र शक्तिको पुजारीको रूपमा विकसित हुँदै गएको छ। धन र शक्ति कसरी आर्जन गऱ्यो ? त्यसको स्रोत के हो ? कहाँ लगानी गर्दैछ ? त्यसले समाजका कस्तो असर गर्छ ? समाजलाई के कस्तो प्रतिफल दिन्छ ? लगायतका प्रश्नहरू सोध्न र त्यसको जवाफ खोज्न सक्ने समाज निर्माणको आवश्यकता छ।

**काठमाडौं/मस–** इन्ट्रा नेसनल वेल फेयर एण्ड सपोर्ट फाउन्डेसन अफ अमेरिका(इन्ट्रा फाउन्डेसन)ले अमेरिकामा आयोजना गरेको 'मेरो भ्वाइस कप युएसए र मेरो डान्स कप युएसए -सिजन २)को उत्कृष्ट १२ मा पर्न सफल प्रतिस्पर्धी अमेरिकाबाट नेपाल आएका छन्। उनीहरूलाई मंगलबार त्रिभुवन विमानस्थलमा भव्य स्वागत गरिएको थियो।



इन्ट्रा फाउन्डेसन, नेपाल च्याप्टरको आयोजनामा अमेरिकाबाट आएका २४ जना प्रतिस्पर्धीसहित ४२ जना व्यक्तिहरुलाई विमानस्थलमा स्वागत गरिएको हो। स्वागतपश्चात त्रिभुवन विमानस्थलबाट २ दर्जन बढी मोटरसाइकल र्‍यालीसहित २४ प्रतिस्पर्धीलाई आयोजकले ठमेलको मुलबरी होटलमा पुर्याइएको थियो।

होटलमा आयोजित पत्रकार सम्मेलनमा दुई वटा रियालिटी सोको विषयमा जानकारी दिइयो। ग्यालेक्सी फोर के टेलिभिजनबाट हरेक शुक्रबार र शनिबार प्रसारण भैरहेको यो सोको बाँकी १० भागको छायांकन नेपालमै हुनेछ। कार्यक्रमको फाइनल भने अमेरिकामा नै हुने आयोजकले जनाएको छ।

अमेरिका र क्यानडामा रहेका नेपाली भाषीहरुले भाग लिएको प्रतिस्पर्धा अन्तर्गत 'मेरो भ्वाइस कप-२'को उत्कृष्ट १२ मा शीतल शर्मा, मुना लकान्ड्री, बाबु खालिङ, करण तामाङ, प्रेम अङदेम्बे, मेघा पौडेल, अजित सुब्बा, सम्राट गुरुङ, सागर सुवेदी र लिला गजमेर, संगीता बोगटी छन्।

यस्तै, 'मेरो डान्स कप'को उत्कृष्ट १२ मा सुमन लामिछाने, सिवानी ढकाल, विशाल उप्रेती, रेजिना सुब्बा, रेनुका राई, सब्य बिष्ट, सुमिका तामाङ, आयुषा समाल लगायत छन्। यी दुवै कार्यक्रमको निर्देशक एलिन श्रेष्ठ हुन्। संस्थाका अध्यक्ष डिल्ली अधिकारीको परिकल्पनामा तयार भएको दुबै रियालिटी सोले अमेरिका र क्यानडामा रहेका नेपाली भाषी प्रतिभाहरुलाई विश्वमाझ चिनाउन मद्दत गरेको कार्यक्रम संयोजक इन्द्र बाँनियाले जानकारी दिए।

'मेरो भ्वाइस कप युएसए'को निर्णायकमा दिपक जंगम, सुरेश अधिकारी, शिव परियार, पुष्पन प्रधान, सुजाता वर्मा र अर्जुन रसाइली छन्। यस्तै, 'मेरो डान्स कप, युएसए'को निर्णायकमा मिथिला शर्मा, दिलिप रायमाझी, केकी अधिकारी, शंकर बीसी, संचिता लुइटेल र नरमान राई छन्। दुवै कार्यक्रमको सञ्चालन नायिका रीमा विश्वकर्मा र राजेश घतानीले गर्नेछन्। कार्यक्रममा फाउन्डेसनका नेपाल च्याप्टर अध्यक्ष दिलिप रायमाझीले अमेरिकाबाट आएका प्रतिस्पर्धीहरुलाई स्वागत गरेका थिए।

## 'पानीफोटो' साउन १३ मा, 'राधा' भदौ १० मा





**काठमाडौं/मस–** अभिनेता खगेन्द्र लामिछानेले पहिलो पटक निर्देशन गरेको फिल्म 'पानीफोटो'को प्रदर्शन मिति परिवर्तन भएको छ। यसअघि आगामी भदौ १० गतेलाई प्रदर्शन मिति घोषणा गरिएकोमा अब साउन १३ गते फिल्म प्रदर्शन हुनेछ। भदौ १० गते अभिनेता प्रदीप खड्का अभिनीत फिल्म 'प्रकाश' रिलिज हुने भएपछि खगेन्द्रले एक महिना अगाडि नै 'पानीफोटो'लाई प्रदर्शन गर्न लागेका हुन्।

खगेन्द्रले आफू लिखित नाटक 'पानीफोटो'लाई फिल्मको स्वरुपमा ढालेका हुन्। माओवादी जनयुद्धको समयमा झन्डै डेढ दशक अगाडि बेपत्ता भएको छोराको पर्खाइमा बसेका बा-आमाको कथालाई प्रस्तुत गरिएको फिल्ममा खगेन्द्रसँगै सुनिल पोखरेल, अनुप बराल, मेनुका प्रधान, प्रकाश घिमिरे, माओत्से गुरुङ, बुद्धि तामाङ्ग, मलिका महत, अशान्त शर्मालगायतको अभिनय रहेको छ।

काठमाडौं, बर्दिया, रोल्पा र स्याङ्गजामा छायांकन भएको फिल्मलाई दीपक बज्राचार्यले छायांकन गरेका हुन्। त्यस्तै, फिल्ममा निमेष श्रेष्ठ र अर्जुन कार्कीको सम्पादन र पुष्पा संगमको पार्श्व संगीत छ। टुकी आर्ट्स र मन्जुश्री फिल्म्सले निर्माण गरेको फिल्ममा खगेन्द्र स्वयंको लेखन छ। फिल्मलाई खगेन्द्रकी श्रीमती रोजिना सिटौला र रविन्द्र बज्राचार्यले संयुक्त रुपमा निर्माण गरेका हुन्।

यस्तै फिल्म 'द सेक्रेट अफ राधा'को फस्टलुक र प्रदर्शन मिति सार्वजनिक गरिएको छ। फिल्मको फस्टलुकमा नायिका श्रृष्टी श्रेष्ठ एक बच्चालाई बोकिरहेकी छिन्। फिल्मले उनकै कथा बोलेको वुझ्न सकिन्छ। यो फिल्मलाई भदौको १० गतेबाट रिलिज गर्ने तयारी निर्माणपक्षले गरेको छ। सुवर्ण थापाको निर्देशनमा तयार भएको यो फिल्म महिलाको कथामा केन्द्रित छ।

फिल्ममा श्रृष्टी श्रेष्ठ, खगेन्द्र लामिछाने, मेनुका प्रधान, दिव्यदेव पन्त, वृद्दि तामाङ, निश्चल बस्नेत, दयाहाङ राई लगायतका कलाकारको अभिनय छ। फिल्म 'सुनगाभा' बनाएर चर्चामा आएका सुवर्णको यो फिल्मले पनि दर्शकको मन जित्ने विश्वास गरिएको छ।

**बुटवल साई कृपा डेन्टल क्लिनिक प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७८/०१/१४ मा दर्ता भएको **बुटवल साई कृपा डेन्टल क्लिनिक प्रा.लि.(दर्ता नं. २६३३२१)** को मिति २०७८/११/२५ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ।

**लिक्वीडेटरः जिवन कुमार थापा, ठेगाना : डिल्लिबजार**
**इजाजतपत्र नं. ४२२, फोन नं. ९८४१६९६९६६**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०२/२५**

यस कार्यालयमा मिति २०७४/०६/०१ मा दर्ता भएको **प्रा.लि.नं. १७५३६१** को **तराना गजल एण्ड फेमिली रेष्टुरेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०२/२५**

यस कार्यालयमा मिति २०७३/०९/१२ मा दर्ता भएको **प्रा.लि.नं. १६०८१०** को **एरिस्ट्रोक्र्याट्स इन्भेष्ट्मेन्ट एण्ड सेक्युरिटी एनलाइसिस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मितिः २०७९/०२/२५**

यस कार्यालयमा मिति २०७७/०८/२८ मा दर्ता भएको **प्रा.लि.नं. २४९६७८** को **इन्टेरिओ क्रियटिभ कन्सेप्ट इन्टरनेशनल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/०९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**Romania मा महिला तथा पुरुषहरुलाई बैदेशिक रोजगारको अवसर**

**१.कम्पनीः– MLS Invest Trading SRL, Romania**

पूर्व स्वीकृति मिति : २०७९/०२/२४ | चलानी नम्बरः– ६०१८०५७७ | Lt No: 264481

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव US$ | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 30 | - | काममा दक्ष | 650 | ८०,८४०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2. | Cook Helper | 70 | 10 | | 550 | ६८,३०५।- | | | | | | | |
| 3. | Sales Assistant | - | 10 | | 550 | ६८,३०५।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५,००।- | रु.४०,०००।- |

**अन्तर्वार्ता २०७९ असार १, २, ३, ४, ५ र ६ गते सम्म (15, 16, 17, 18, 19 & 20 June 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला।

APPS SERVICES PVT LTD H.R. Expert

**APPS SERVICES PVT. LTD.**
(Govt. Lic. No. 1172/073/74), Balkumari-8, Lalitpur, Nepal
Ph.no. +00977-01-5186018, 5186030, Email: infoapps1172@gmail.com

**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**
Birendranagar, Surkhet

**Letter of Intent**

**Date of Publication: 2079/02/25 (08th June, 2022)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders, successful in bid under PPMO's E-Procurement portal, published in National Daily Newspaper on 2078/10/25 & 2078/11/22 that the **"Letter of Intent"** has been issued in favour of following bidders who are selected on financial bid having substantially responsive lowest evaluated bid price.

| S.N | Contract ID No. | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|
| 1 | IDD/SKT/W/NCB/35/078-079, Construction of Baddichaur Bimreni Babiyachaur Biddhapur Road , surkhet. | M/S ANK- Jayadevi Joint Venture | 424761085.40 |
| 2 | IDD/SKT/W/NCB/62/078-079, Construction of Ghatgau Salma Koralabas Kullimari Road, Surkhet | M/S ShresthaConctruction Co (Hetauda) Pvt.Ltd . Kathmandu | 385639535.70 |

**Act. Director**

**हरिपुर्वा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हरिपुर्वा, सर्लाही**
**मधेश प्रदेश , नेपाल**

**करार सेवामा सहजकर्ता पदपुर्ती गर्ने सम्बन्धको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०२/२५)**

किसान सुचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को परिच्छेद-७ को दफा १९ को उपदफा (२) बमोजिम चालु आ.व.२०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत किसान सुचिकरणको लागि तपसिल बमोजिमका सहजकर्ता सेवा करारमा लिनु पर्ने भएकोले तपसिल योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुका लागि यो दरखास्त दिनुहुन सम्बन्धित सबैको लागी जानकारी गराईन्छ।

| क्र.स. | विज्ञापन नम्बर | माग पद संख्या | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १ | ०१/२०७८/०७९ | ९ | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १०+२ उतिर्ण गरेको।<br>२. एन्ड्रोईड स्मार्टफोन/ट्याबलेट वा ल्यापटप साथमा भएको र चलाउन सक्ने।<br>३. कृषि तथा भेटेरिनरी पढेकोलाई विषेश प्राथमिक्ता दिईनेछ। | |

१. परिक्षाको किसिमः- अन्तर्वार्ता
२. फारम दस्तुरः- रु. २००।-
३. आवेदन दिनुपर्ने अन्तिम मितिः- २०७९।०२।३१ गते कार्यालय समय भित्र सार्वजनिक विदा भएमा त्यसको भोलिपल्ट।
४. आवेदन बुझाउने स्थानः- हरिपुर्वा न.पा.को कृषि विकास शाखा।
५. उमेरको हकमाः- १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।
६. सेवा सुविधाः- प्रत्येक घरधुरी वापत अधिक्तम रू. ७५।- रहनेछ।
७. थप जानकारीको लागिः- ९८४५८१२३४२
८. नोटः अन्तर्वाताको मिति पछि प्रकाशन गरिनेछ।

**पेश गर्नुपर्ने कागजातहरु**
१. नागरिक्ताको प्रतिलिपी।
२. शैक्षिक योग्यताको प्रतिलिपी।
३. सक्कल नगदि रसिद।
४. निवेदन।

**मित्रलाल ढकाल**
**प्रमुख प्रशासकिय अधिकृत**

# एसियन गेम्सको प्रशिक्षण शुरु, ५१४ खेलाडी सहभागी




**काठमाडौं/मस–** चीनको हाङझावमा हुने एसियाली खेलकुद (एसियन गेम्स)लाई लक्षित गरी खेलाडीको पहिलो चरणको विशेष प्रशिक्षण बुधबारदेखि शुरु हुने भएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंक लाल घिसिङले विशेष प्रशिक्षणको त्रिपरेश्वरस्थित राखेपको कभर्डहलमा आयोजित एक कार्यक्रमबीच उद्घाटन गरे । सो अवसरमा सदस्य-सचिव घिसिङले सम्बन्धित खेलका समन्वयकर्तालाई खेल सामाग्री पनि हस्तान्तरण गरेका थिए ।

खेलाडीको क्षमता र कौशल अभिबृद्धि गर्नुका साथै वैज्ञानिक विधिबाट प्रशिक्षण प्रदान गर्दै नतिजामूलक उपलब्धी हासिल गर्न प्रशिक्षणको शुरुवात गरिएको हो ।

प्रशिक्षणमा विभिन्न २३ खेलका ५ सय १४ खेलाडी र ६६ प्रशिक्षक गरी ५ सय ८० जना समावेश हुने छन् । खेलाडीमा २ सय ३० पुरुष र २ सय ८४ महिला छन् । खेलहरुमा तेक्वान्दो, कराते, बक्सिङ, एथलेटिक्स, साइक्लिङ, फुटबल, गल्फ, जुडो, पौडी, ट्रायथलन, उसु, कुस्ती, भारोत्तोलन, आर्चरी, बास्केटबल (थ्री बाइ थ्री), फेन्सिङ, ह्यान्डबल, कबड्डी, टेबलटेनिस, भलिबल, ब्याडमिन्टन, क्रिकेट र सुटिङ रहेका छन् । यि खेलका खेलाडी छनोट गर्न प्रारम्भिक छनोट प्रतियोगिता पनि आयोजना भएको थियो ।

पहिलो चरणको विशेष प्रशिक्षण असार २३ गतेसम्म सञ्चालन हुने छ । दोश्रो चरणको छनोट असार २४ देखि २७ गतेसम्म हुनेछ । प्रशिक्षणका लागि विज्ञहरु पनि परिचालन गरिने छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै सदस्य-सचिव घिसिङले राष्ट्रिय टिमलाई बलियो र व्यवस्थित बनाउन विशेष प्रशिक्षणको सुरुआत गरिएको बताउदै ३६५ दिन नै खेलाडीलाई प्रशिक्षणमा सामेल गराउन परिषद्ले तयारी गरिरहेको बताए ।

उनले एसियाली खेलकुद मात्र नभइ प्रशिक्षण अन्य अन्तर्राष्ट्रिय प्रतियोगितको तयारीलाई पनि सहज हुने बताउदै खेलाडीहरु कै उपलब्धीका कारण खेलकुदका निकाय मात्र नभइ सिंगो राज्यले गर्व महशुस गर्ने वातारण बनेको धारणा व्यक्त गरे । प्रशिक्षका तर्फबाट भारोत्तोलनका प्रमुख प्रशिक्षक राम पौडेलले प्रशिक्षणले नियमित रुपमा निरन्तरता पाउनु पर्नेमा जोड दिए । १३ औं दक्षिण एसियाली खेलकुदकी स्वर्ण विजेता एथलेटिक्सकी सन्तोषी श्रेष्ठले देशलाई केहि दिनु पर्छ भन्ने जोस खेलाडीमा पनि भएकाले प्रशिक्षण शुरु भएकोमा खुशी व्यक्त गरिन् ।

एसियाली खेलकुद भने अनिश्चितकालका लागि स्थगित भइसकेको छ । प्रतियोगिताको नयाँ मिति घोषणा भएको छैन । तर हाइ पर्फमेन्स कमिटीले प्रतियोगिताका लागि तयारीलाई अघि बढाउन राखेपसमक्ष प्रस्ताव गरेको हो ।

# पुलिस मकवानपुर गोल्डकपको फाइनलमा

**हेटौंडा/मस–** मनाङ मर्स्याङ्दी क्लवलाई पराजित पार्दै नेपाल पुलिस क्लव हेटौंडामा जारी स्थानीय तह शहीद स्मृति अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबलको सेमिफाइनल प्रवेश गरेको छ ।

अन्जन बिष्ट, विमल घर्ती मगर, सुजल श्रेष्ठ, दिनेश राजवंशी, विशाल श्रेष्ठलगायतका चल्तीका खेलाडी लिएर मैदान प्रवेश गरेको मनाङलाई पुलिसले १-० गोल अन्तरले हराउँदै अन्तिम ४ मा स्थान सुरक्षित गरेको हो ।

खेलको ३४ औं मिनेटमा भरत शाहले गरेको गोल नै पुलिसको जितमा निर्णायक बन्यो । मनाङका गोलरक्षक विशाल श्रेष्ठले फालेको बललाई नियन्त्रणमा लिँदै शाहले गरेको प्रहार गोल भएको थियो ।

४१ औं मिनेटमा मनाङले बराबरी गोल गर्ने मौका पाए पनि सदुपयोग गर्न सकेन । पुलिसका अजित भण्डारीले विमल घर्ती मगरलाई डीबक्स क्षेत्रमा लडाएपछि मनाङले पेनाल्टी पाएको थियो । अन्जन बिष्टको पेनाल्टी प्रहारलाई पुलिसका गोलरक्षक सत्रुघन चौधरीले बचाएका थिए । त्यसपछि मनाङले लगातार आक्रमण गरे पनि पुलिसका गोलरक्षक चौधरी बाधक बनेका थिए । उनले मनाङको करिब एक दर्जन प्रहारलाई निष्तेज बनाइदिएका थिए ।

**Shree Punya Secondary School**
**Chaubise Rural municipality-6**
**Rajarani, Dhankuta**

**Invitation for Sealed Quotation**

**Invitation for Bids for the :** Procurement of Educational Equipment
**Address :** Chaubise Rural Municipality-06, Dhankuta
**Contract Identification No. :** PSS/DKT/SQ/01/078/79
**Date of Publication :** 2079/02/25 (2022/06/08)

1. The Punya Secondary School Invites Sealed Quotation from eligible bidders Documents for the **Procurement of Educational Equipment** Under National Competitive bidding procedures specified in the Procurement act and regulations.
2. Eligible Bidders may obtain further information and inspect the Bidding documents at the office of **Shree Punya secondary school, Rajarani, Dhankuta,** Phone No:- 9842597968, 026-411022, E mail-**schoolpunya@gmail.com**
3. A complete set of Bidding Documents may be purchased from the office of Shree Punya Secondary School, Rajarani Dhankuta by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, VAT/PAN Registration Certificate and VAT/Tax Clearance Certificate of FY 2077/78and upon payment of a non-refundable fee of NRS **1000.00** till **2079/03/08 (2022/06/22)** during office hours.
4. Pre-bid meeting shall not be conducted.
5. Sealed Quotation must be submitted to the office of **Shree punya secondary school, Rajarani, Dhankuta by hand before 12:00 P.M. on 2079/03/09 (2022/06/22).**
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 P.M. on 2079/03/09 (2022/06/23)** at the office of **Shree Punya Secondary School, Rajarani, Dhankuta.** Bids must be valid for a period of **45 Days** from the date of bid opening and must be accompanied by bid security amounting to a minimum of **51000.00** which must be deposited to Account No: **070000881C** on the behalf of **Shree Punya Ma. Vi.** at Nepal Bangladesh Bank, Rajarani Branch, or same equivalent amount of bid bond authorized from a recognized "A" class commercial or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. The Bid security amount stated above shall be valid for 30 days beyond the bid validity period.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. Shree Punya Secondary School reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Principal**

# यू-१९ विश्वकप खेल्ने नेपालको सपना अधुरै




**काठमाडौं/मस–** थाइल्यान्डसंग ४९ रनले पराजित भएसँगै नेपाली महिला क्रिकेट टोलीको आईसीसी यू-१९ महिला टी-२० विश्वकप छनोट हुने सम्भावना समाप्त भएको छ । मलेसियाको जारी प्रतियोगितामा दोस्रो हारसँगै नेपालको विश्वकप खेल्ने सम्भावना सकिएको हो । बलियो टोली थाइल्यान्डले दिएको ९० रनको लक्ष्य पछ्याएको नेपालले १९ ओभर ५ बलमा सबै विकेट गुमाउँदै ४० रनमा समेटियो ।

नेपालका कुनैपनि खेलाडीले दोहोरो अंकको रन बनाउन सकेनन् । यस्तैमा नेपालका पाँच खेलाडी रनआउट भएका हुन् । मनिषा कुमारी उपाध्याय पाँच, अन्जली विश्वकर्मा तीन, मनिषा राना, सन्जु राजवंशी र आश्मा पुलामी मगरले खाता नै खोल्न नपाई रन आउट भएका थिए ।

सना प्रविणले नेपालका लागि ६ रन बनाइन् भने अनु कठायत पाँच, कृतिका मरासिनी तीन, रञ्जु श्रेष्ठ र स्नेहा महराले एक एक रन बनाए । त्यस्तै श्रृष्टि जैशी सात रनमा अविजित रहिन् । थाइल्याण्डका लागि नान्थिता बोन्सुकमले तीन, पोर्नापा सोई र थान्यालक चुम्नानले एक एक विकेट लिए ।

यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको थाइल्याण्डले निर्धारित २० ओभरमा ७ विकेट गुमाउँदै ८९ रन बनाएको थियो । उसका लागि थिपाट्चा पुथ्वाङले सर्वाधिक २० रन बनाइन् । त्यस्तै बन्तिदा लिफाथनाले १९ रन बनाउदा सुवानन् काइवटेले १६ रन बनाइन् ।

त्यस्तै फान्निता मायाले ७ रन बनाइन् । नानाफाट चाइहानले ६ तथा अप्सिरा सुवानछोनराथिले दुई रनको योगदान गरिन् । सुनिदा चौतुरोग्रटनाले अविजित ७ रनको योगदान गरिन् । नेपालका लागि मनिषा कुमारी उपाध्याय र कप्तान कृतिका मराशिनीले दुई दुई विकेट लिँदा श्नेहा महराले एक विकेट लिइन् । हारसँगै नेपाल चार खेलमा चार अंक जोड्दै तेस्रो स्थानमा छ । नेपालले पहिलो खेलमा कतारलाई ७९ रनले हराएको थियो ।

यस्तै दोस्रो खेलमा १० विकेटले पराजित भएको थियो । यस्तै तेस्रो खेलमा नेपालले भुटानलाई चार विकेटले हराएको थियो । थाइल्यान्डको यो लगातार चौथो जित हो । थाइल्यान्ड चार खेलमा आठ अंक जोडेर शीर्ष स्थानमा छ । अब नेपालले अन्तिम खेलमा बिहीबार मलेसियाविरुद्ध खेल्नेछ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०८/२३ मा दर्ता भएको **प्रा.लि.नं.२४९३४१** को **जि.ई.ओ ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर प्रा.लि** को मिति २०७९/०२/२४ संचालक समितिको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्वीडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं.२८७, फोन नं. मो.९८५११६३७२३**

**धनपालथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सोराभाग, मोरङ**
**१ नं प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

**सूचना प्रकाशन मिति २०७९/०२/२५**

यस धनपालथान गाउँपालिकाको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तर्गत मिति २०७८/११/०६ गतेको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित बिधुतिय बोलपत्र आहवानको सूचना अनुसार तपसीलमा उल्लेखित निर्माण कार्यको लागि रित पुर्वक दर्ता हुन आएका बिधुतिय बोलपत्रहरु मध्ये मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही रहेका बोलपत्रहरु मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि छनौट भई पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना प्रकाशित गरिएको छ ।

**तपशीलः**

| क्र.सं. | ठे.नं. | कार्यहरुको विवरण | स्वीकृत हुने फर्मको नाम/ठेगाना | कबोल अंक (मू.अ.कर. र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| १ | DPTRM/SBG/NCB २७/२०७८/०७९ | कर्सिया-पानी टंकी-कालिका स्कुल हुदै फुटानी चौक सडक कालोपत्रे गर्ने (पाचौ खण्ड) | एस.आर.एम.एन.मल्टी कन्स्ट्रक्सन प्रा.ली. बिराटनगर | रु. ३०,२६,७४६/८५ |
| २ | DPTRM/SBG/NCB ३१/२०७८/०७९ | मायागञ्ज देखि बेतौना जाने सडक कालो पत्रे | एस.आर.एम.एन.मल्टी कन्स्ट्रक्सन प्रा.ली. बिराटनगर | रु. ६२,१३,९६४/५७ |
| ३ | DPTRM/SBG/NCB ३२/२०७८/०७९ | कदमाहा नोचा सडक कालोपत्रे | एस.आर.एम.एन.मल्टी कन्स्ट्रक्सन प्रा.ली. बिराटनगर | रु. ५९,२२, १६२/४० |

**प्रमुख प्रशासकीय अधिकृत**

**Invitation for Bids**

**[Government of Nepal (GoN)/Tribhuvan University]**
**[Mahendra Morang Adarsh Multiple Campus]**
**Biratnagar, Morang, Nepal**
Invitation for Bids for the
**[Construction of North East Building for Academic Purpose]**
Invitation for Bids No: IFB-MMAMC-NEBldg-078/79-3
**Date of publication: 08-06-2022 AD**

1. *[The Government of Nepal [GoN] / Tribhuvan University]has allocated funds* from *[it's own sources]* towards the cost of *[Construction of North East Building for Academic Purpose]* and intends to apply part of the funds to cover eligible payments under the Contract *for [MMAMC-NEBldg-078/79-3]*. Bidding is open to all eligible as per Section V of bidding document.
2. *[Mahendra Morang Adarsh Multiple Campus]* invites electronic bids only from eligible bidders for the construction of *[Academic Reinforced cement concrete building construction at North East side of the campus premises]* under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***[NRs 660,000,00.00]***
   - Minimum Work experience of similar size and nature: ***[1 contracts of RCC frame structure public building construction with similar nature of NRs 40,000,000.00 each]***
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate e-bids, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn must be completed & uploaded in PPMO portal as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information at the office of ***[Mahendra Morang Adarsh Multiple Campus, Biratnagar, Ward No 12, Morang, Nepal having mailing address as above, telephone is 021-471404 and and email address of the Employer is*** e-bidding@mmamc.edu.np*]*or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp to inspect the Bidding Documents.
5. A complete set of Bidding Documents may be downloaded by eligible Bidders on the submission of a written application, along with the *copy of company/firm registration certificate*, VAT / PAN certificate copy and upon payment of a non-refundable fee of ***[NRs 5,000.00]***till ***[10th July, 2022 AD]during office hours***.
   Bidder must submit their bid electronically only &may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, must deposit the cost of bidding document in the Campus's Account as specified below.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nepal Bank Ltd., Biratnagar City Branch.
   Name of Office: Mahendra Morang Adarsh Multiple Campus, Biratnagar.
   Office Account no.: 038-001-0029-928-500-000-1.
6. Only Electronic bids must be submitted to the office ***[Mahendra Morang Adarsh Multiple Campus, Biratnagar]*** through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before***[12:00 hrs]***on ***[11th July, 2022 AD].*** Bids received in the PPMO's website after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***[14:00 hrs]****on****[11th July, 2022 AD]*** at the office of ***[Mahendra Morang Adarsh Multiple Campus, Biratnagar]***. Bids must be valid for a minimum period of ***[90 days i. e. 09th October, 2022 AD]***after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security deposit in pdf format in case of e-bid,amounting to a minimum of **[NRs. 11,00,000.00***]*, which shall be valid for 30 days beyond the validity period of the bid ***(i.e. [08th November, 2022 AD]).***
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Our Motto is to meet quality & time of the construction as far as possible to attain best satisfaction to all the concerned. All rules regarding procurements will be as per Nepal government & TU. Bidders must specify the total price of the Bid in the Letter of Bid (Bid Form). Failure to specify the total price of the Bid in such documents shall be ground for declaring the bid non-responsive. Other information may be obtained from the website & office of campus at office hours.

**Campus Chief**
**Phone no. 021471791**

बजेट सन्दर्भ

## कर छुट पाउन असारभित्रै मर्जरको सम्झौता गर्नुपर्ने

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २४ जेठ ।

बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीले कर छुट पाउनका लागि असार मसान्तभित्रै मर्जरको सम्झौता गर्नुपर्ने भएको छ । अर्थमन्त्री जनार्दन शर्माले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटमा हरेक वर्ष निरन्तरता दिने गरिएको मर्जरको सहुलियतलाई यसपटक हटाइएको छ । आठ वर्षदेखि मर्जरमा जाने बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीका लागि कर सहुलियत उपलब्ध हुँदै आएको थियो । करिब एक दशकदेखिको कर छुटको नीति हटाउने निर्णय गरेको हो । सरकारले दिने कर छुटबाहेक राष्ट्र बैंकले समेत बैंक तथा वित्तीय संस्थालाई नियामकीय सहुलियत दिंदै आएको छ । सरकारले कर छुटको निर्णय नराखेपछि राष्ट्र बैंकले समेत सहुलियतको नीति हटाउने घोषणा गरेको छ । अहिले सरकारले मर्जरमा जाने संस्थालाई करमा छुट दिन्छ । यसले लगानीकर्तालाई फाइदा हुन्छ ।

मर्जरमा जाने बीमा कम्पनीलाई तीन छुट, असारभित्रै प्रकृया थाल्नुपर्ने




बीमा समितिले २०७९ असारभित्र मर्जरको प्रकृयामा जाने बीमा कम्पनीहरुलाई विभिन्न सेवा सुविधामा छुट दिने भएको छ। समितिले मर्जरमा जान इच्छुक कम्पनीलाई पुँजीगत लाभकर, लाभांश कर र कर्मचारी अवकाश भुक्तानीमा कर छुट दिने भएको हो । समितिका अनुसार कम्पनीहरु गाभिएपश्चात बनेको नयाँ कम्पनीका सेयरधनीहरुले आफ्नो सेयर गाभिएको मितिले दुई वर्षभित्र बिक्री गर्दा बिक्री भएको सेयरमा पुँजीगत लाभकर नलाग्ने भएको छ । त्यस्तै, कम्पनीहरुमा मर्ज भएको मितिले दुई वर्षभित्र गाभिएको अवस्थामा कायम रहेको सेयरधनीलाई वितरण गरेको लाभांशमा समेत कर नलाग्ने समितिले जानकारी गराएको । अर्को, मर्जरको प्रकृयामा रहेका बीमा कम्पनीहरुले कर्मचारीहरुको अवकाश भुत्तानीमा ५० प्रतिशत कर छुट दिनु पर्ने छ । यससँगै, कम्पनीहरुले कर्मचारीहरुलाई सामुहिक रुपमा सेवाबाट अवकाश दिने प्रयोजनको लागि गरिने थप एकमुष्ट भुत्तानीमा एकमुष्ट अवकाश भुत्तानी कर कट्टी गर्नुपर्नेमा ५० प्रतिशत छुट हुने भएको हो ।

यो सुविधा आयकर ऐन, २०५८ अनुसार २०७९ असार मसान्तभित्र मर्जरमा जाने आशयपत्र आन्तरिक राजस्व विभागमा दिएका कम्पनीहरुले मात्रै पाउने छन् । र, उक्त आशयपत्र दिएका कम्पनीहरुले आगामी २०८० असार मसान्तभित्र मर्जरको प्रकृया सम्पन्न गरिसक्नु पर्ने समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले जानकारी गराएका छन्। साथै, चुक्ता पुँजी पुर्याउन मर्जरमा जाने कम्पनीहरुले आयकर ऐन २०५८ को दफा ४७ अनुसारको छुट तथा सुविधा समेत पाउने छन्। जसको लागि उनीहरुले २०७९ असारभित्र बीमा समितिमा आवेदन दिइसक्नुपर्ने समितिले जानकारी गराएको छ ।

## आकर्षक अफरसहित 'बागबजार जुत्ता मेला' शुभारम्भ



काठमाडौं/मस - चर्चित नेपाली ब्राण्डका जुत्ताचप्पलहरुको समूह सुज प्यालेसले आकर्षक अफरसहित 'बागबजार जुत्ता मेला' शुभारम्भ गरेको छ । बागबजारमा मंगलबार जुत्ता मेलाको उद्घाटन बाग्मती प्रदेशका सभामुख सानु कुमार श्रेष्ठ र फुटवेयर म्यानुफ्याक्चर एशोसिएशन (एफम्यान)का अध्यक्ष नानीराज घिमिरेले संयुक्तरुपमा गरेका छन् । स्वदेशी उत्पादनका प्रख्यात नेपाली ब्राण्डहरुले रत्नपार्कको आकासेपुलसँगै रहेको नवनिर्मित कम्प्लेक्सको पहिलो तल्लामा 'स्थायी शोरुम'मा नै मेला लगाएका हुन् । भृकुटीमण्डपमा केही दिन लाग्ने मेला भन्दा स्थायी शोरुममा मेला लगाउँदा उपभोक्तालाई थप सहज हुने अपेक्षासहित परिस्कृत र गुणस्तरीय सेवा दिन स्थायी शोरुम बागबजारमा मेला लगाएको आयोजकको भनाई छ।

बागबजार जुत्ता मेलाको उद्घाटन गर्दै प्रमुख अतिथिसमेत रहेका बाग्मती प्रदेशका सभामुख श्रेष्ठले स्वदेशी उत्पादनका जुत्ताचप्पल विदेशीभन्दा सस्तो र गुणस्तरीय उपलब्ध हुनु सकारात्मक भएको बताए। उनले भने -'स्वदेशी जुत्ताचप्पलको क्षेत्र आत्मनिर्भर हुँदै जानु र बर्षेनी एक करोडको विदेशमा निर्यात गर्नु खुशीको विषय हो।' कार्यक्रममा एफम्यानका अध्यक्ष घिमिरेले जुत्ताचप्पलको क्षेत्रमा लागेको १५ सय व्यवसायीहरु आत्मनिर्भरतर्फ उन्मुख भइरहेको बताए। अध्यक्ष घिमिरेले भने, 'सरकारले फुटवेयर व्यवसायीहरुका लागि नीतिगत व्यवस्था राम्रो गरे पनि प्रभावकारी कार्यान्वयन गर्न नसक्दा व्यवसायीहरु मारमा परिरहेका छन्, चोरी पैठारी नियन्त्रण गर्न जरुरी छ।' अध्यक्ष घिमिरेका अनुसार फुटबेयर क्षेत्रमा ५० हजारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् भने स्वदेशी उत्पादनले ६० प्रतिशत नेपाली बजार धानिरहेको छ । नेपाली व्यवसायीहरुले बार्षिक १६ करोड जोर उत्पादन क्षमता रहेको अध्यक्ष घिमिरेको भनाई छ ।

बागबजार जुत्ता मेलाको उद्घाटन कार्यक्रममा एफम्यानका महासचिव ज्ञानेन्द्र दाहालले भृकुटीमण्डपमा बाह्रैमहिना लाग्ने मेलामा गुणस्तरहीन जुत्ता राखेर भ्रम सृजना गर्ने काम भइरहेकोमा संघको गम्भीर ध्यानआकर्षण भएको बताए । उनले भने, 'भृकुटीमण्डपमा पाल टाँगेर मात्र होइन हाम्रा उत्पादनलाई स्थायी शोरुममा गुणस्तरीय र सुविधासम्पन्न रुपमा प्रस्तुत गर्न सकिन्छ भन्ने उदाहरण बागबजारको यो मेलाले दिएको छ ।' बागबजारको मेलामा ९० प्रतिशत नेपाली प्रोडक्ट र १० प्रतिशत बिदेशी ब्रान्ड राखेर विदेशीसँग प्रतिस्पर्धा गरिरहेको आयोजकको भनाई छ। आयोजक जीवन श्रेष्ठले वर्षमा १२ वटा अफर दिएर १२ वटा मेला स्थायी स्वरुपमा नै लगाउने बताए ।

नयाँ तथा आधुनिक डिजाइनका एक हजारभन्दा बढी मोडलका जुत्ताचप्पल उपलब्ध मेलामा छुट, स्कीम र वारेन्टीसहित उत्पादन लागतमै जुत्ताचप्पल उपलब्ध रहेको आयोजकको भनाई छ । मेलामा नेपालका प्रख्यात ब्राण्ड स्मार्ट सुज, सम्राट सुज, केटीएम सुज र भेनस सुजका नयाँनयाँ डिजाइनका स्टाइलिस जुत्ताचप्पल उपलब्ध छन्। त्यस्तै, आयोजकले मेला संचालनको शुभारम्भमा प्रत्येक जुत्ता खरिदमा २० देखि ५० प्रतिशतसम्म छुट प्रदान गरिएको जनाइएको छ । जुत्ता कम्पनीले सिधै ग्राहकहरुलाई जुत्ताचप्पल उपलब्ध गराउने हुँदा एजेन्सी, होलसेलर तथा पसलहरुले लिने कमिशन नजोडिदा उत्पादन मूल्यमै ग्राहकहरुलाई उपलब्ध हुने आयोजकको दाबी रहेको छ।

## विद्युतीय बीजक (ई-बिलिङ) लागू नगरे पाँच लाख जरिवाना




**काठमाडौं/रासस** – आगामी साउन १ गतेदेखि विद्युतीय माध्यमको बीजक (ई -बिलिङ) लागू नगर्नेलाई आन्तरिक राजश्व कार्यालयले पाँच लाख जरिवाना गर्ने भएको छ । ई-बिलिङको विषयमा रुपन्देहीका उद्योगी व्यवसायीलाई जानकारी गराउँदै करका अधिकारीहरुले यस्तो जानकारी गराएका हुन् । उद्योगी व्यवसायीहरुको छाता संगठन सिद्धार्थ उद्योग वाणिज्य संघको सभाकक्षमा सम्पन्न 'आर्थिक विधेयक २०७९ का प्रावधानहरुसम्बन्धी छलफल तथा अन्तरक्रिया' कार्यक्रममा संघका अध्यक्ष भीष्मप्रसाद न्यौपानेले ई-बिलिङले व्यावसायिक पारदर्शिता बढाउने हुँदा यसलाई कार्यन्वयनमा ल्याउन सहयोग गर्ने बताए ।

उनले भने, 'मेहनत र इमान्दार उद्योगी व्यवसायीलाई सिस्टममा जान कुनै समस्या छैन तर प्रविधिको ज्ञान चाहिँ हुनुपर्छ ।' छलफलमा गल्ला व्यापारी नेत्रप्रसाद आचर्यले ई-बिलिङका बारेमा सरकारले व्यवसायीहरुलाई पर्याप्त सचेत गराउनु जरुरी रहेको बताए। उनले भने, 'भिसिटिएस जस्तो समस्या हुनुहुँदैन, ई-बिलिङको विषयमा राज्यले व्यवसायीलाई धेरै जानकारी गराउनु जरुरी छ ।' भैरहवास्थित आन्तरिक राजश्व कार्यालयका प्रमुख मुक्तिराम आचर्यले वार्षिक १० करोडको कारोबार गर्ने व्यवसायीले अनिवार्य ई-बिलिङ सिस्टममा जानुपर्ने आर्थिक विधेयकमा उल्लेख भएको बताए । उनले आर्थिक विधेयक, २०७९ ले ई-बिलिङलाई अनिवार्य गरेकोसमेत जानकारी दिए । गएको जेठ १५ गते घोषणा भएको आर्थिक वर्ष २०७९/८० को बजेटमा ई-बिलिङ लागू गर्ने उल्लेख छ ।

प्रमुख आचार्यले भने, '१० करोडभन्दा बढीको कारोबार गर्ने सबैले ई-बिलिङ अनिवार्य जारी गर्नुपर्नेछ। साउन १ गतेपछि कसैले लागू नगरेको भेटिएमा पाँच लाख जरिवाना गर्न बाध्य हुनेछौँ ।' व्यवसायीहरु पल्लवी न्यौपाने, पिताम्बर न्यौपाने, मदन पौडेल, पशुपति कान्दु, सञ्जयकुमार केशरी, कुर्वान अली, नेत्र आचार्य, गोपाल भण्डारी, ऋषि पाण्डे, दिलीप कान्दु, विजय पाण्डेलगायतले कर, ई-बिलिङ, बिलबीजकको विविध विषयमा जिज्ञासा राख्दै सरकारले कुनै पनि कानुन लागू गर्नुपुर्व पर्याप्त जानकारी गराउनुका साथै र सूचनासमेत गर्नुपर्नेमा जो दिए। रुपन्देहीमा ४७० करदाताहरु १० करोडभन्दा बढीको कारोबार गर्नेमा पर्दछन्। असार मसान्तसम्म ई-बिलिङका लागि आवेदन दिएकाहरुलाई विभागले जसरी पनि साउन १ देखि नै ई-बिलिङका लागि अनुमति दिने पनि जनाइएको छ ।

## एनएमबीद्वारा ग्राहकको नाममा वृक्षारोपण

**काठमाडौं/मस** – एनएमबि बैंकले नागार्जुनस्थित श्यामेश्वर गणेशमान स्मृती सामुदायिक वनमा विभिन्न प्रकारका फलफुलका विरुवा रोपेको छ । बैंकले सामुदायिक वनमा एनएमबिमा ग्रिन फिक्स्ड डिपोजिट खाता भएका ग्राहकहरुको नाममा विभिन्न प्रजातिका १२५ विरुवा रोपेको हो। ग्रिन फिक्सड डिपोजिट योजना ग्राहकलाई उचित प्रतिफल प्रदान गर्ने मात्र नभई वातावरण संरक्षण र आर्थिक लाभ एकैसाथ प्राप्त गर्न सकिन्छ भन्ने सन्देश दिन बनाएको बैंकले जनाएको छ ।

उक्त कार्यक्रममा सामुदायिक बनका अध्यक्ष अर्जुन राज पुरी, सहायक वन अधिकृत सरस्वती अर्याल, बैंकका कर्मचारीहरु लगायत सर्वसाधारणको उल्लेख्य उपस्थिति रहेको थियो ।

## लुम्बिनीका ग्राहकलाई अन्नपूर्ण केबुलकारमा छुट

**काठमाडौं/मस** – लुम्बिनी विकास बैंकले पोखरा अवस्थित अन्नपूर्ण केबुलकारमा आफ्ना ग्राहक महानुभावहरुलाई केबुलकार सेवामा छुट दिनको लागि सम्झौता गरेको छ ।

सम्झौतामा अनुसार लुम्बिनी विकास बैंकका ग्राहकहरुले डेबिट कार्ड तथा मोबाइल बैकिङ सेवा प्रयोग गरी अन्नपूर्ण केबुलकारको टिकट लिए वापत भुक्तानी गर्दा १० प्रतिशत छुट पाउनेछन् ।

यस विकास बैंकले देशका ७ वटै प्रदेशमा ८६ वटा शाखाहरु मार्फत कारोबार गर्दै आएको छ । यसका सथै बैंकले अधिकतम प्रतिफल दिने उदेश्यले बैंकले मुद्दती खातामा मासिक रुपमा ब्याज प्रदान गर्ने विशेष योजना समेत कार्यान्वयनमा ल्याएको छ ।


**के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?**
**यदी छ भने हामीलाई सम्झनुहोस् ।**

हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

**नुम्स कम्प्युटर्स प्रा.लि.**
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५



**आगलागी हुन नदिन चनाखो बनौं ।**

**आगलागीबाट वर्षेनी अर्बौंको क्षति हुने गरेको छ ।**
**सावधानी अपनाउन सके जनधनको क्षति रोक्न सकिन्छ ।**

त्यसका लागि :
- खाना पकाईसक्ने वित्तिकै आगो, ग्यास चुल्हो, स्टोभ वा हिटर निभाईहालौं ।
- सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भएको छ/छैन, ध्यान दिने गरौं ।
- ग्यास वा पेट्रोलको गन्ध आए बेवास्ता नगरौं ।
- सलाई, लाईटर जस्ता आगो सल्काउने वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं ।
- खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं ।
- चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं । खाएमा आगो राम्ररी निभाऔं ।
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा छ/छैन नियमित जाँच गरौं ।
- घरवस्ती नजिकै पोखरी, ट्याङ्की वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं ।

*विपदबारे चासो राखौं, चनाखो बनौं*

नेपाल सरकार
विज्ञापन बोर्ड



# Chaurjahari Municipality
# Office of the Municipal Executive

**Chaurjahari, Rukum West**
**Karnali Province, Nepal**

## Invitation For Bids

**First Date of publication: - 2079.02.24 B.S.**

1. The, **Chaurjahari Municipality Office** has allocated funds towards the cost of following projects and intends to apply part of the funds to cover eligible payments under the Contract for following projects. Bidding is open to all eligible Nepalese Bidders.
2. **Chaurjahari Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information at the **Chaurjahari Municipality, Chaurjahari Rukum (west)** Phone N0: 088401146 Mo No:- 9857826111 & PPMO website.
4. Bid must be submitted by egp system from ppmo website before ***12:00 PM on 31st day (2079/03/23) of Publication***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **12:30 PM on 31st day** ***(2079/03/23)*** at the **Chaurjahari Municipality Office**. If the bidder's representative **does not choose** to attend for opening, there will be no objection in opening the tender.
6. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security amounting to a minimum of 2.5% of estimated amount, which shall be valid for **30 days** beyond the validity period of the bid. If the bidder wishes to submit the bid security in the form of cash, the amount should be deposited in **Banijya Bank Ltd. Chaurjahari Branch, Account Name: Chaurjahari Municipality, Rukum (west) Dharauti Khata, and Account Number: 4330100303000002 or bank guarantee.** And bid document fee must be deposited in **Rastriya Bnijya Bank Ltd. Chaurjahari Branch, Rajaswa Khata, and Account No. 4330100301010002.**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT) | Bid Security |
|---|---|---|---|---|
| CJM/WORKS/ NCB/15/078/079 | Maintenance of Kotjahari-Nyaulibajar-Khagal-Jumlipokhari Road, Chaurjahari, Rukum (West) | NRs. 3000/- | Nrs 73,62,380.61 | Nrs. 1,84,000.00 |

**Chief Administrative Officer**



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**